का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ मंसिर २०८१,
आइतबार
1 December, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २८२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## उपनिर्वाचन

# मध्यावधि मत परीक्षण

मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएका मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र वा सवारी चालक अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा मतदान गर्न पाउने छन्



*स्थानीय तह उपनिर्वाचनका लागि हेटौंडा उपमहानगरपालिका- १२ मा रहेको विष्णु ज्योति आधारभूत विद्यालयको मतदान केन्द्र । तस्बिर : रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ मंसिर ।


स्थानीय तहका रिक्त विभिन्न ४१ पदका लागि आज मतदान हुँदै छ । उपनिर्वाचनको सम्पूर्ण तयारी पुरा भइसकेको छ ।

निर्वाचन हुने सम्बन्धित स्थानीय तहमा स्थापना गरिएका मतदान केन्द्रमा आज बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान हुनेछ । नगरपालिका प्रमुख १, उपप्रमुख १, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष ४ र वडाध्यक्ष ३३ गरी ४१ पदका लागि उपनिर्वाचन हुन लागेको हो । नगर प्रमुख र पालिका प्रमुखका लागि ४ स्थानीय तहहरू >>> पृष्ठ २ मा

## एक चौथाइ बढी स्वतन्त्र उम्मेदवार

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ मंसिर ।

निर्वाचन आयोगका अनुसार स्थानीय तहका ४१ पदका लागि हुन लागेको उपनिर्वाचनमा ३७६ जना उम्मेदवार छन् । त्यसमध्ये २० वटा राजनीतिक दलका उम्मेदवार १७६ जना छन् भने १०२ जना स्वतन्त्र उम्मेदवार छन् । यो स्वतन्त्र उम्मेदवारको संख्या >>> पृष्ठ २ मा




## प्रधानमन्त्रीको चीन भ्रमण

# बीआरआई संशोधनसहित ६ परियोजना प्रस्ताव गर्ने

'बीआरआई परियोजनाको फ्रेमवर्कमा नेपालले सन् २०१७ मा नै हस्ताक्षर गरिसकेको छ । हाल यसको कार्यान्वयन योजनाबारे छलफल जारी छ । यो नेपाल र चीनबीचको सहमति र समझदारीका साथै नेपालमा पनि सबैको साझा सहमतिका आधारमा कार्यान्वयन हुने छ'

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १५ मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा नेपालले चीनको महत्त्वाकांक्षी बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजनाको ढाँचामा संशोधनसहित ६ वटा पूर्वाधार परियोजना निर्माणका लागि प्रस्ताव गर्ने भएको छ ।

सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एमालेले बीआरआई परियोजनाको सहकार्यको ढाँचा सम्झौता संशोधनमा सहमति गरेपछि नेपालले सोहीअनुसार प्रधानमन्त्री ओलीको भ्रमणमा प्रस्ताव गर्ने भएको हो ।

यस्तै, २ दलीय कार्यदलले सहमति गरेको 'बीआरआई सहकार्य फ्रेमवर्क'मार्फत चीनलाई ६ वटा पूर्वाधार परियोजना निर्माणका लागि प्रस्ताव गर्ने सहमति भएको हो । कार्यदलले पूर्वाधार, खेलकुद र शहरी विकास गरी ६ वटा परियोजनाका लागि प्रस्ताव गरेको हो । उक्त सबै परियोजना नेपालले प्रधानमन्त्री ओलीको भ्रमणका क्रममा चीनलाई अनुदानमा निर्माणका लागि आग्रह गर्ने छ ।

काठमाडौं र बेइजिङले शुक्रबार प्रधानमन्त्री ओलीको चीन भ्रमणको औपचारिक



घोषणा गरेपछि सत्ता घटकका २ दलले बीआरआई परियोजनाको सहकार्यको ढाँचा सम्झौताको संशोधित मस्यौदालाई अन्तिम रूप दिएका हुन् ।

चिनियाँ प्रधानमन्त्री ली छ्याङको निमन्त्रणामा प्रधानमन्त्री ओली सोमबार चीनको औपचारिक भ्रमणमा जाँदै छन् । ओलीले चिनियाँ समकक्षी लीसँग द्विपक्षीय वार्ताका क्रममा काठमाडौंमा २ सत्तारूढ दलबीच भएको सम्झौताको मस्यौदाका विषयमा छलफल गर्ने कार्यदलका एक सदस्यले बताए ।

नेपाल र चीनबीच बीआरआईमा सहयोगका लागि ढाँचामा हस्ताक्षर गर्नु प्रधानमन्त्री ओलीको चीन भ्रमणको मुख्य एजेन्डा हो । यस ढाँचालाई यसअघि सन् २०२० मा चिनियाँ पक्षबाट बीआरआईको कार्यान्वयन योजनाको रूपमा प्रस्ताव गरिएको थियो ।

योजनालाई परिमार्जन गर्न कांग्रेस र एमालेले बनाएको २ दलीय संयुक्त कार्यदलले यसलाई 'बीआरआई सहयोगको रूपरेखा' भनेर नामकरण गरेको छ ।

एक हप्तासम्म अन्तरिक गृहकार्यपछि सत्ता गठबन्धनका प्रमुख साझेदारहरूले नयाँ मस्यौदामा समझदारीमा पुगेका हुन् । बीआरआई फ्रेमवर्कअन्तर्गत प्रस्तावित परियोजनामा नेपालले अनुदान मात्र लिने २ दलको साझा धारणा छ । २ दल नै बीआरआईअन्तर्गतका परियोजनामा ऋण नलिने नीतिमा सहमत छन् । २ दलको साझा धारणालाई सरकारको धारणाकै रूपमा अघि बढाइने छ ।

काठमाडौंमा २ दलबीच ढाँचामा सहमति हुनासाथ चीन भ्रमणका क्रममा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपाल सरकारको प्रस्ताव र मोडलबारे चिनियाँ अधिकारीसँग छलफल गरेकी थिइन् ।

शुक्रबार चिनियाँ समकक्षी वाङ यीसँग भएको भेटमा पनि परराष्ट्रमन्त्री राणाले त्यही प्रस्ताव अघि सारेकी थिइन् । राणाको प्रस्तावमा चिनियाँ विदेशमन्त्री यीले यस विषयमा बेइजिङमा उच्च तहमा छलफल गरेर मात्र जवाफ दिने बताएका स्रोतले जनायो ।

२ परराष्ट्रमन्त्रीबीच प्रधानमन्त्री ओलीको भ्रमणका क्रममा समझदारी एवं सम्झौता हुने विभिन्न आयोजनाका विषयमा समेत छलफल भएको छ ।

शनिबार चीतबाट फर्केकी मन्त्री राणाले बीआरआई सम्बद्ध सबै पक्षको सहमतिमा कार्यान्वयन गरिने बताइन् । >>> पृष्ठ २ मा

नेपालको पर्यटनका लागि चीन ठूलो सम्भावना भएको क्षेत्र हो । चीनको कुल जनसंख्याको १ प्रतिशतलाई मात्र नेपाल घुमाउन सक्ने हो भने पर्यटन क्षेत्र फस्टाउन सक्छ



**राजेशकाजी श्रेष्ठ**
निवर्तमान अध्यक्ष
नेपाल-चीन चेम्बर अफ कमर्स एन्ड इन्डष्ट्रिज

**वार्ता** विस्तृत ८ पेजमा...

## आँखीझ्याल




९१ प्रतिशतले घट्यो एचआइभी संक्रमण




संस्कृत र गुरुकुललाई आधुनिक बनाउने सवाल




जनकपुरको विजयी सुरुवात




ग्रयान्ड महफिल तात्यो राधा, बिटु र रामका गजलले

## वैदेशिक रोजगार विशेष

# सेटिङमा वैदेशिक रोजगारीमा पठाउने गिरोह दोषी ठहर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर ।

काठमाडौं जिल्ला अदालतले भिजिट भिसाको सेटिङमा वैदेशिक रोजगारीमा पठाउने गिरोह प्रतिवादीहरूलाई दोषी ठहर गरेको छ । लिखत किर्ते र संगठित अपराधसम्बन्धी कसुरमा अधिकृत कुशल बरालसहित शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल, विकास डंगोल, पिताम्बर रिमाल र सुजन फागो तथा ३ जना बिचौलियालगायतकालाई प्रतिवादी बनाई मुद्दा चलाइएको थियो ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्माको इजलासले शुक्रबार प्रतिवादीहरूलाई दोषी ठहर गरे पनि कैद सजाय तोकेको छैन । साधारणतया ३ वर्षभन्दा बढी कैद सजाय हुने मुद्दा गंभीर फौजदारी कसुरअन्तर्गत पर्ने भएकाले सजायका लागि छुट्टै मितिमा पेसी तोकेर सुनुवाइ गर्ने प्रावधान छ ।

गत वर्ष १० माघमा दायर भएको मुद्दा करिब १० महिनापछि फैसला भएको हो । सरकारी लिखत किर्ते कसुरमा अधिकतम ३ वर्ष र संगठित अपराधमा ७ वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था छ । >>> पृष्ठ २ मा

## जापान प्रकरण

# केही थुनामा, केही घरमा

**काठमाडौं/मस-** काठमाडौं जिल्ला अदालतले कोसी प्रदेशसभाले सांसद लीलाबल्लभ अधिकारीसँग सुरुमा जोडिएको बहुचर्चित मानव बेचविखन मुद्दाका केही अभियुक्तलाई थुनामा, केहीलाई धरौटीमा र केहीलाई साधारण तारेखमा छाडेको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालयको जोहेरीले वादी नेपाल सरकार, प्रतिवादी महेश पाण्डेसमेत भएको लिखत किर्ते तथा मानव बेचविखनसम्बन्धी मुद्दामा काठमाडौं जिल्ला अदातलका न्यायाधीश बलराम लम्सालको इजलासमा शुक्रबार थुनछेक बहस भएको थियो ।

जापानको विमानस्थलबाटै अध्यागमन विभागले फर्काएका खोटाङको >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१६ मंसिर २०८१, आइतबार
1 December 2024, Sunday

# नेपालमा २ लाख बढी हेक्टर वन क्षेत्र अतिक्रमणमा

**युबराज पुन/मध्यान्ह**
नवलपरासी, १५ मंसिर

नेपालमा २ लाख बढी हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको पाइएको छ। डिभिजन वन कार्यालय नवलपरासीले शनिबार आयोजना गरेको सरोकारवालाहरुसँगको अन्तरक्रिया गोष्ठीमा सो जानकारी गराइएको हो ।

सिनियर वन अधिकृत जीवन पौडेलको अध्यक्षता तथा वन तथा वातावरण मन्त्री देवकरण कलवारको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा योजना शाखा प्रमुख एवम् वरिष्ठ वन अधिकृत मोहन गजुरेलले आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रमको बारेमा जानकारी गराएका थिए । प्रदेश एवम् संघबाट ३ करोड ८२ लाख बजेट विनियोजन भएको उनको भनाइ छ ।




कार्यक्रममा लुम्बिनी प्रदेश सदस्य बैजनाथ जैसवाल, लुम्बिनी प्रदेश सदस्य ध्रुव प्रधान, सुनवल नगरपालिकाकी मेयर विमला अर्याल, बर्दघाट नगरपालिका मेयर शम्भु श्रेष्ठ, बैज्ञानिक वन उपभोक्ता महासंघ जिल्ला अध्यक्ष एवम् मूलपानी सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष यज्ञ प्रसाद शर्मा, सामुदायिक वन उपभोक्ता महासंघका जिल्ला अध्यक्ष शारदा पौडेलले मन्तव्य राखेका थिए ।

कार्यक्रममा सामुदायिक एवम् साझेदारी वन उपभोक्ता समुहहरुमा भएका समस्याहरुको बारेमा लुम्बिनी प्रदेश निर्देशनालयका सचिव मोहन प्रसाद काफ्लेले समाधानको लागि भएको निर्देशनहरुको बारेमा जानकारी दिएका थिए । सचिव काफ्लेले बाढीमा बगेका, सुक्खा खडा रुखहरु एवं जनजीवनलाई हानी पुऱ्याउने खालका सुक्खा रुखहरु हटाउनको लागि जिल्ला वन कार्यालयको समितिको निर्णय अन्तर्गत हटाउन सकिने जानकारी दिए ।

नेपाल अधिराज्यभरमा २ लाख हेक्टर जति वन अतिक्रमण गरी सुकुम्बासी बस्ती बसेको छ । पहिलाबाट बसिरहेकालाई व्यवस्थित गर्ने र नयाँ सुकुम्बासी बस्न नदिने उनले जानकारी दिएका थिए। प्रदेशका आयोजनाहरुको काम गर्ने काममा प्रदेशबाट ढिलासुस्ती भएको भन्ने आरोपलाई प्रक्रिया नपुगेको र समयमा नआएपछि ढिला हुने जानकारी दिए। वन उपभोक्ता समूहले प्रदेश तथा अन्यलाई तिर्नुपर्ने करलाई प्रदेशले एकद्वार प्रणाली अन्तर्गत समूहबाट लिएको करबाट सबै तहले विभाजन गर्ने कानुन हुनपर्नेमा जोड दिए । सामुदायिक वन उपभोक्ता समुह विकास कार्यक्रम आर्थिक अवस्था राम्रो भएको र कमजोर भएको सबैसँग जिल्ला वनले समन्वय गरेल सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

## मध्यावधि...

काठमाडौंको कीर्तिपुर नगरपालिका, मोरङको ग्रामथान गाउँपालिका, दैलेखको महाबु गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकामा मतदान हुने छ ।

त्यसैगरी उपप्रमुखका लागि पनि ४ स्थानीय तहहरू जाजरकोटको नलगाढ नगरपालिका, दोलखाको गौरीशंकर गाउँपालिका, रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिका र हुम्लाको सर्केगाढ गाउँपालिकामा उपनिर्वाचन हुँदै छ ।

यी ८ वटा पालिकामध्ये २०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसले ६ र माओवादी केन्द्रले २ वटा जितेका थिए ।

उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तहमा सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगका प्रवक्ता नीता पोखेल अर्यालले जानकारी दिइन् ।

गर्भवती, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी तथा अन्य (लैंगिक तथा यौनिक अल्पसंख्यक) मतदातालाई प्राथमिकताका आधारमा मतदान गर्ने व्यवस्था मिलाइएको छ ।

मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएका मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र वा सवारी चालक अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा मतदान गर्न पाउने छन् ।

**कहाँकहाँ हुँदै छ उपनिर्वाचन ?**

कीर्तिपुर नगरपालिकाको प्रमुख र जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुख, मोरङको ग्रामथान र दैलेखको महाबु गाउँपालिकाका अध्यक्ष, दोलखाको गौरीशंकर, रुकुम (पूर्वी भाग) पुथा उत्तरगंगा, हुम्लाको सर्केगाड र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष पदका लागि निर्वाचन हुँदै छ ।

यस्तै, ताप्लेजुङको सिरिजंगा गाउँपालिका- ३, झापाको कन्काई नगरपालिका- ६, तेह्रथुमको लालीगुराँस नगरपालिका- ८, सुनसरीको गढी गाउँपालिका- ६, ओखलढुंगाको मोलुङ गाउँपालिका- ५, उदयपुरको त्रियुगा नगरपालिका- १२ र बेलका नगरपालिका- ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका- १ र ४, धनुषाको धनुषाधाम नगरपालिका- १, महोत्तरीको रामगोपालपुर नगरपालिका- २, रौतहतको ईशनाथ नगरपालिका- ७, रौतहटका राजपुर नगरपालिका- ६ र गढीमाई नगरपालिका- ८ मा आज मतदान हुँदै छ ।

काठमाडौंको काठमाडौं महानगरपालिका- १६, कीर्तिपुर नगरपालिका- १ र ४, नुवाकोटको ककनी गाउँपालिका- २, मकवानपुरको हेटौंडा उपमहानगरपालिका- १२, गोरखाको गोरखा नगरपालिका- ५, गुल्मीको मुसिकोट नगरपालिका- १, कपिलवस्तुको शुद्धोधन गाउँपालिका- १, रोल्पाको रुन्टीगढी गाउँपालिका- ४, बर्दियाको ठाकुरबाबा नगरपालिका- ४ र रुकुम (पश्चिम भाग)को सानीभेरी गाउँपालिका- ५ मा वडाध्यक्ष पदका लागि निर्वाचन हुँदै छ ।

यसैगरी, दैलेखको दुल्लु नगरपालिका- १३, जाजरकोटको कुशे गाउँपालिका- ७, कालीकोटको तिलागुफा नगरपालिका- ४, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ५, बझाङको सुर्मा गाउँपालिका- ४, डोटीको पूर्वीचौकी गाउँपालिका- ६, दार्चुलाको दुहुँ गाउँपालिका- ५ र कंचनपुरको भीमदत्त नगरपालिका- ६ मा आज मतदान हुँदै छ ।

उपनिर्वाचनमा विभिन्न २० राजनीतिक दल र स्वतन्त्रका गरी ३७६ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

यसअघि जिल्ला समन्वय समिति ओलखढुंगा र कैलालीका प्रमुखमा क्रमशः नेपाली कांग्रेसका उम्मेदवार टेकराज भट्टराई र टीकाकुमारी चौधरी (भूल) तथा रुकुम (पूर्वी भाग) पुथा उत्तरगंगा गाउँपालिका- २ मा माओवादी केन्द्रका जगत् घर्ती निर्विरोध निर्वाचित भइसकेका छन् ।

मतगणनाको अद्यावधिक परिणाम निर्वाचन आयोगको वेबसाइटमा हेर्न सकिने आयोगले जनाएको छ ।

उपनिर्वाचन हुने पालिका र वडाहरूमा मतदानका लागि सार्वजनिक बिदा दिइएको छ । सम्बन्धित पालिका र वडाहरूले सूचना निकालेर बिदा दिएका हुन् ।

पालिका र वडाभित्र निजी क्षेत्रबाट संचालित औद्योगिक, शैक्षिक वा अरू प्रतिष्ठानमा बिदा दिइएको हो ।

**जनमत बोधको आधार**

यो उपनिर्वाचन दलहरूका लागि जनमत जाँच गर्ने आधार बन्ने छ। आवधिक चुनाव ५/५ वर्षमा हुन्छ । करिब आधा कार्यकाल सकिएपछि स्थानीय तहको उपनिर्वाचनलाई दलहरूको मध्यावधि मत परीक्षणका रूपमा समेत लिन सकिने सरोकारवालाहरू बताउँछन् ।

विगतका केही निर्वाचनमा गठबन्धन गरेर लडिरहेका दलहरू यस पटक केही सीमित स्थानमा गठबन्धन गरेर तथा धेरै स्थानमा एकल लडेका छन् । यसकारण पनि उनीहरूको जनाधार के कस्तो र कति छ भनेर उपचुनावको परिणामले सम्झाउने छ ।

एक जना राजनीतिक विश्लेषकका भनाइमा यो उपनिर्वाचनको परिणामले आगामी २०८४ सालमा हुने निर्वाचनको परिणामलाई पनि आँकलन गर्न सहयोग पुग्ने छ । उनी भन्छन्, 'उसो त नेपालीहरूको मत एकनास छैन, उनीहरू अस्थिर मतदाताका रूपमा देखिँदै आएका छन् । यस उपनिर्वाचनमा भने मतदाताको मनोविज्ञान अनुमान गर्न सकिन्छ ।'

## एक...

एक चौथाइभन्दा बढी हो । कुल उम्मेदवार ३७६ मा दलीय उम्मेदवार ७२ दशमलव ८७ प्रतिशत र स्वतन्त्र उम्मेदवार २७ दशमलव १३ प्रतिशत छन् ।

२०७९ सालको चुनावमा स्वतन्त्र उम्मेदवारहरू विभिन्न पालिकामा विजयी भएका थिए। निर्वाचन आयोगका अनुसार त्यसबेला देशभर ३८५ स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए। काठमाडौं महानगरपालिकासहित धरान उपमहानगरपालिका, धनगढी उपमहानगरपालिका र जनकपुर उपमहानगरको प्रमुख पदमा स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए ।

स्वतन्त्र उम्मेदवारी दिएर पनि चुनाव जित्न सकिने र काम गर्न सकिने अवस्थाको आँकलन गर्दै स्वतन्त्र उम्मेदवारी दिने क्रम बढ्दा दलीय उम्मेदवारीकै हाराहारीमा स्वतन्त्र उम्मेदवारी परेको हो ।

३ वटा स्थानीय तहमा प्रमुखसहित स्थानीय तहका ४१ पदको उपनिर्वाचनमा एक चौथाइभन्दा बढी स्वतन्त्र उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका हुन् । सबैभन्दा बढी स्वतन्त्र उम्मेदवार कीर्तिपुर नगरपालिका प्रमुखमा छन्, जहाँ प्रमुख राजनीतिक दलहरूका उम्मेदवारसहित २० जनाले प्रतिस्पर्धा गर्दै छन् । २० जना उम्मेदवारमध्ये स्वतन्त्र उम्मेदवारको संख्या ११ छ ।

मोरङको ग्रामथान गाउँपालिका प्रमुखको पदका लागि १६ जनाले प्रतिस्पर्धा गर्दै छन्, जहाँ १ जना मात्र स्वतन्त्र उम्मेदवार छन् ।

निर्वाचन आयोगका अनसार विभिन्न स्थानीय तहमा रिक्त रहेका वडा अध्यक्ष पदमा पनि स्वतन्त्र उम्मेदवारहरू छन् । ७ वटै प्रदेशका ३३ वटा वडामा वडा अध्यक्ष चयन हुने छन् । कीर्तिपुर नगरपालिका र सप्तरीको डाक्नेश्वरी नगरपालिकामा २/२ वटा वडामा उपनिर्वाचनबाट अध्यक्ष चयन हुँदै छन् ।

निर्वाचन आयोगकी प्रवक्ता नीता पोखरेल अर्यालका अनुसार रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिका- २ को वडा अध्यक्ष निर्विरोध चयन भइसकेका छन् । ओखलढुंगा र कैलाली जिल्लाका जिल्ला समन्वय समिति प्रमुख पदमा १/१ जना निर्विरोध निर्वाचित भइसकेका छन् ।

यस पटकका मतदानबाट निर्वाचित भएका जनप्रतिनिधिहरूको कार्यकाल अढाई वर्षको हुने छ ।

## बीआरआई...

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले भनिन्, 'बीआरआई परियोजनाको फ्रेमवर्कमा नेपालले सन् २०१७ मा नै हस्ताक्षर गरिसकेको छ । हाल यसको कार्यान्वयन योजनाबारे छलफल जारी छ । यो नेपाल र चीनबीचको सहमति र समझदारीका साथै नेपालमा पनि सबैको साझा सहमतिका आधारमा कार्यान्वयन हुने छ ।'

तर, उनले २ दलीय कार्यदलले गरेको प्रस्तावका विषयमा चिनियाँ विदेशमन्त्रीसँग भएको कुराकानीका विषयमा केही बताइनन् ।

अब बीआरआई ढाँचाको टुंगो बेइजिङमा २ देशका प्रधानमन्त्रीबीच मंगलबार हुने द्विपक्षीय वार्तामा नै लाग्ने छ । नेपाली पक्षले तयार पारेको मस्यौदामा बेइजिङले सहमति जनाए मंगलबार २ देशबीच पत्रमा हस्ताक्षर हुने सम्भावना छ ।

२ दलले तयार पारेको मस्यौदामा नेपालले अनुदान मात्र स्वीकार गर्ने र त्यो पनि नेपालका लागि आवश्यक र राष्ट्रिय आवश्यकतामा निहीत हुने उल्लेख छ । मन्त्री राणाले अहिले नेपाल ऋण लिने अवस्थामा नरहेकाले चीन सरकारसँग यसै विषयमा छलफल भएको बताइन् । 'यो परियोजना अनुदानमा कार्यान्वयन गर्न कांग्रेसले औपचारिक निर्णय गरिसकेको छ। यो सत्ता साझेदार दल एमालेलाई जानकारीमा छ। अनुदानमा नै यो परियोजना कार्यान्वयन गर्न हामीले छलफल गरिरहेका छौं', उनले भनिन् ।

नेपालको प्रस्ताव चीनले स्वीकार गरे भू-राजनीतिक दबाबका कारण यो परियोजना अघि बढ्ने सम्भावना बनेको कांग्रेसका एक नेताले बताए । प्रधानमन्त्री ओलीको भ्रमणको क्रममा आर्थिक सहकार्य, पूर्वाधार कनेक्टिभिटी परियोजना र व्यापारमा सीमित भएर सम्झौता हुने छ ।

ती नेताका अनुसार प्रधानमन्त्री ओलीले कांग्रेस र अनौपचारिक तहमा चिनियाँ पक्षसँग समानान्तर छलफल गरेर साझा धारणा बनाएकाले सम्झौतामा हस्ताक्षर हुने निश्चित जस्तै छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले बीआरआई फ्रेमवर्कसहित सम्पर्क संजाल विस्तार, लगानी, व्यापार, पर्यटन, कृषि र पूर्वाधार विकासलगायत क्षेत्रमा सहयोग र सहकार्यका विषयमा चिनियाँ पक्षसँग छलफल हुने बताए ।

नेपालको प्रस्तावित परियोजना
जलविद्युत् आयोजना
ट्रान्समिसन लाइन
नेपाल-चीन औद्योगिकमैत्री उद्यान
झापामा स्पोर्ट्स एन्ड एथ्लेटिक्स कम्प्लेक्स
मदन भण्डारी विश्वविद्यालय
काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम

## सेटिङमा...

दोषी ठहरिएका प्रतिवादीहरू जिल्ला अदालतबाट धरौटीमा छुटेका भए उनीहरूले जरिमाना बराबरको रकम थप धरौटी राखेर पुनरावेदन गर्न पाउने छन् । जिल्ला अदालतमा हाजिर नभई फरार रहेकाहरूले पुनरावेदन गर्न नपाउने व्यवस्था छ ।

प्रहरीले उक्त प्रकरणमा १० जनालाई पक्राउ गरेको छ भने कुनै बेला वैदेशिक रोजगार विभागमा चल्तीका अधिकृत कुशल बरालसहित ११ जना फरार रहेका बताइएको छ। फरार हुनेमा ८ जना अधिकृत मात्र थिए ।

गत असोजमा भिजिट भिसामा विदेश जान खोजेका १ हजार ५१३ वटा नक्कली कागजातहरू बरामद भएपछि प्रहरीले प्रहरी नायव उपरीक्षक गोविन्द पन्थीको नेतृत्वमा अनुसन्धान सुरु गरेको थियो ।

नेपालीलाई भिजिट भिसामा वैदेशिक रोजगारीका लागि पठाएको भन्दै प्रहरीले अध्यागमन कार्यालय, नेपाल वायु सेवा निगमका कर्मचारी र प्रहरी जवानलाई पक्राउ गरेको थियो। अध्यागमन अधिकृत नरवीर खड्का पक्राउ परेपछि अधिकृत बरालसहितका अन्य अधिकृतहरू तानिएका हुन् ।

तत्कालीन अध्यागमन अधिकृत ताराबहादुर कुँवरलाई पनि यस प्रकरणका मुख्य नाइकेका रूपमा चित्रण गरिएको छ । उनीहरूले भिजिट भिसाको सेटिङमा पठाउँदा ४४ देखि ५५ हजार रुपैयाँसम्म लिने गरेको पोल खोलाखोल भएको अनुसन्धानमा संलग्न स्रोतले बताएको छ। मुद्दामा आशिष भन्ने केदारबहादुर खड्का, गीता शाह, पिताम्बर रिमाल, सुजन फागो लिम्बू, नरवीर खड्का, पदम लामा, मनोज तामाङ, शैलेन्द्र ढकाल, दिनेश ज्ञवाली, रवीन्द्र अर्याल भन्ने रविन अर्याल, विनोद कार्की, ताराबहादुर कुँवर विपक्षी छन् ।

त्यस्तै, विष्णु अर्याल भन्ने विष्णुप्रसाद आचार्य, विकास डंगोल, अरुण दाहाल, लक्ष्मी राई, रामप्रसाद भण्डारी, विमल पौडेल, रीता दमाईं, सरोजकुमार यादव प्रतिवादी छन् । विमानस्थलमा हुने सेटिङमा यो मुद्दा हालसम्मको ठूलो हो । उक्त घटनापछि सेटिङ गरेर भिजिट भिसामा पठाउने क्रम केही कमी भए पनि नरोकिएको बताइएको छ ।

पछिल्लो पटक गत २ मंसिरमा गृह मन्त्रालय तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच भिजिट भिसाको दुरुपयोग रोक्न प्रतिवेदन तयार गर्ने सहमति बनेको छ ।

घुमफिरको संवैधानिक अधिकारमाथि हस्तक्षेप नगरीकन भिजिट भिसामा देखिएका खराबी अन्त्य गर्ने विषयमा दुवै मन्त्रालयले १५ दिनभित्र प्रतिवेदन तयार गर्ने निर्णय गरेका छन् ।

नेपाल सरकारले पटकपटक भिजिट भिसाको दुरुपयोग र चलखेल रोक्ने प्रतिबद्धता जनाएको भए पनि वैदेशिक रोजगारीका लागि भिजिट भिसामा जाने प्रवृत्ति रोक्न सकेको छैन। भिजिट भिसाको दुरुपयोग रोक्न विभिन्न समयमा परिपत्र जारी गरे पनि व्यवहारमा सरकारी प्रयास असफल गराइएको सरोकारवालाहरू बताउँछन् ।

## केही...

केपिलासगढी गाँउपालिका- ४ का ४१ वर्षीय जनक राई, खोटाङकै ऐंसेलुखर्क गाउँपालिका- २ का ३७ वर्षीय दावा शेर्पा र रसुवाको कालिका गाउँपालिका- ५ का २१ वर्षीय कन्चन देवकोटा सुरुमा पक्राउ परेका थिए। उनीहरूलाई विमानस्थलबाट पक्राउ गरेर अनुसन्धान गर्दा खोटाङ ऐंसेलुखर्क गाउँपालिका- २ का महेश पाण्डे, धादिङ त्रिपुरासुन्दरी गाउँपालिका- ६ का जुगल रिजाल, नुवाकोट विदुर नगरपालिका- ७ का वीरबहादुर सुनुवार, दोलखा जिरी नगरपालिका- ९ का नवीन राई, काठमाडौं महानगरपालिका- २९ बागबजारका गुडी राई र योगराज गौतम, मोरङका दिवाकरबाबु भट्टराई, उदयपुर त्रियुगा नगरपालिका- ४ का विष्णुप्रसाद भट्टराईलाई मुद्दामा विपक्षी बनाइएको छ ।

उक्त मुद्दामा राई, शेर्पा र देवकोटाका तर्फबाट बरिष्ठ अधिवक्ता देवराज कटुवाल र अधिवक्ता रमेश कटुवालले बहस गरेका थिए । बरिष्ठ अधिवक्ता कटुवालका अनुसार राई, शेर्पा र देवकोटासँग ५० हजार रुपैयाँ धरौटी माग गरिएको छ ।

जिल्ला अदालतले पाण्डे, रिजाल र सुनुवारलाई पुर्पक्षका लागि थुनामा पठाउने र कर्मचारीको परिचयपत्र बनाउने अभियोग लागेका राई र गौतमलाई साधारण तारेखमा रिहा गर्ने आदेश भएको छ। अन्य प्रतिवादी हाजिर भएका छैनन् ।

पाण्डेले देवकोटाबाट १० लाख तथा सुनुवारले राई र शेर्पाबाट १० लाख रुपैयाँ लिएका बताइएको छ । कोसी प्रदेशसभाका सदस्य अधिकारीविरुद्व प्रमाण नपुगेको भन्दै मुद्दा नचलाउने निर्णय भएको छ। महान्यायाधिवक्ताको कार्यालयको उक्त निर्णयविरुद्व शुक्रबार नै सर्वोच्च अदालतमा रिट दायर भएको छ। अधिकारीलाई पक्राउ गरी थप अनुसन्धान कार्यका लागि जिल्ला प्रहरी परिसर काठमाडौंमा उपस्थित गराइएको थियो । महान्यायाधिवक्ताको कार्यालयको निर्णयपछि उनलाई रिहाइ गरिएको छ ।

## तपाईको राशिफल

मेष : नयाँ सम्बन्धमा वृद्धि हुने छ। जीवनसाथीको सहयोग प्राप्त हुने छ। सामाजिक सम्मानमा वृद्धि हुन्छ ।

वृष : आम्दानी राम्रो हुने छ । अनावश्यक कार्य गर्नु हुँदैन । राजनीतिक कार्य सफल हुने छ ।

मिथुन : वाहन चलाउँदा सावधानी राख्नुपर्छ। नयाँ सम्पर्क बढ्ने छ। राजनीतिक सहयोग प्राप्त हुने छ ।

कर्कट : आत्मविश्वास बढ्ने छ। जग्गासम्बन्धी कार्य सफल हुने छ। स्वास्थ्यमा भने ध्यान दिनु होला ।

सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुने छ। सन्तान सुख प्राप्तिको योग छ। मुद्दासम्बन्धी कार्यमा सफलता मिल्ने छ ।

कन्या : शारीरिक समस्याको योग छ । पद र प्रतिष्ठामा वृद्धि हुने छ । रोजगारमा वृद्धि हुने छ । जोखिम भएको कार्यमा नोक्सानीको योग छ ।

तुला : पारिवारिक जीवनमा समझदारी राख्नु जरुरी छ। दैनिक कार्यमा सफलतासँगै मन प्रसन्न हुने छ ।

वृश्चिक : राजनीतिक कार्य सफल हुने छ । शारीरिक समस्याको योग देखिन्छ। वाहन चलाउँदा सावधानी राख्नु होला ।

धनु : सम्पर्कमा वृद्धि हुने छ। व्यापारिक र आर्थिक प्रगति हुने छ। पैतृक सम्पत्ति प्राप्त हुने योग छ ।

मकर : राजनीतिक कार्यमा रोकावट हुन सक्छ। पारिवारिक कार्य भने सफल हुने छ । व्यापारिक सम्बन्ध बलियो हुने छ ।

कुम्भ : वाणी संयम राख्नु होला। जोखिम लिनु हुँदैन किनकि आर्थिक नोक्सानको योग छ । घरबाट अपेक्षित सहयोग प्राप्त हुने छ ।

मीन : दैनिक सबै कार्य सफल हुने छ। पारिवारिक कार्य पनि सफल हुने छ । कुनै पनि कार्यमा जोखिम लिनु हुँदैन ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*


# Koshi Rural Municipality
# Office of Rural Municipal Executive
**Laukahi, Sunsari**
**Koshi Province, Nepal**

## Invitation for Bids

**First Date of Publication: December 1, 2024 (2081.08.16)**

1. Koshi Rural Municipality, Laukahi, Sunsari invites electronic bids from eligible bidders for the following Sealed Quotation.

| S. N. | Contract Identification Number | Description of Work/Goods | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 01/KOSHI/SQ/GO/2081-082 | Procurement and Supply of Medicines and Surgical Items. | 65,000.00 | 75 days from date of bid opening | 1,000.00 |
| 2 | 02/KOSHI/SQ/GO/2081-082 | Procurement and Supply of Stationary Materials. | 16,000.00 | 75 days from date of bid opening | 1,000.00 |

| | |
|---|---|
| Deadline for bid submission | December 16, 2024 (2081.09.01) till 12:00 hours. |
| Date, time and place of bid opening | December 16, 2024 (2081.09.01) till 13:00 hours at Koshi Rural Municipality, Sunsari. |
| 1. Bank Account details for bid document fee | System Account Name: GA 1.1 KOSHI GA.PA. AANTARIK RAJASHO KHATA<br>Account no.: 29101400000079<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Laukahi Branch |
| Account details for bid security amount | System Account Name: GA 3 KOSHI GA.PA. DHARAUTI KHATA<br>Account no.: 29101400000147<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Laukahi Branch |

2. Interested eligible bidders may obtain further information from Koshi Rural Municipality, Laukahi, Sunsari at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/
3. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# लुम्बिनीमा एमाले–कांग्रेस संयन्त्रले २० मंसिरमा प्रदेश भेला गर्ने

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
बुटवल, १५ मंसिर



लुम्बिनी प्रदेशमा सत्ता गठबन्धनले प्रदेश भेला गर्ने भएको छ । सत्तारुढ एमाले र नेपाली कांग्रेसको प्रदेश स्तरीय संयन्त्रको शनिबार बुटवलमा बसेको बैठकले प्रदेश भेला गर्ने निर्णय गरेको हो । एमाले लुम्बिनी प्रदेशका इन्चार्ज पद्मा अर्यालको अध्यक्षतामा बसेको संयन्त्रको बैठकमा प्रदेश सरकारले गरेको काम, सरकारको आगामी रणनीतिसहितका विषयमा मुख्यमन्त्री चेतनारायण आचार्यले ब्रिफिङ गरेका थिए ।

एमाले-कांग्रेस संयुक्त सरकारले अघि सारेका काम सहि दिशामा अघि बढेको, सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रणको पाँच वर्षे रणनीतिक योजना निर्माण गरेर कार्यान्वयनमा लगिएको मुख्यमन्त्री आचार्यले जानकारी गराए ।

यस्तै बैठकमा संसदीय क्षेत्रमा भएका कामका बारेमा कांग्रेस संसदीय दल नेता डिल्लीबहादुर चौधरीले प्रकाश पारेका थिए । बैठकमा कांग्रेस प्रदेश सभापति अमरसिंह पुन र एमाले लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कँडेलले सरकारको कामलाई थप गतिशील बनाउन सुझाव दिदै सरकारको काम जनताले महशुस हुने गरी गर्न सुझाव दिएका थिए ।

प्रदेश संयन्त्रको बैठकले लुम्बिनी प्रदेशका १२ जिल्लामा संयन्त्रको बैठक मंसिर मसान्तसम्म सम्पन्न गर्ने र संयुक्त सरकारलाई थप गतिशील बनाउन सुझावहरू संकलन गर्ने निर्णय गरेको छ । यस्तै मंसिर २० गते एमाले-कांग्रेस संयन्त्रको प्रदेश भेलाको आयोजना गर्ने निर्णय गरेको छ । भेलामा कांग्रेसबाट जिल्ला सभापति र सचिव र एमालेबाट जिल्ला इन्चार्ज र अध्यक्ष सहभागी हुनेछन ।

एमाले-कांग्रेस लुम्बिनी प्रदेश संयन्त्रमा कांग्रेसबाट संसदीय दल नेता तथा पूर्वमुख्यमन्त्री चौधरी, प्रदेश सभापति अमरसिंह पुन र कांग्रेस लुम्बिनीका सहमहामन्त्री विष्णु खनाल मुस्कान सहभागी थिए । यस्तै, एमालेबाट प्रदेश इन्चार्ज पद्मा अर्याल, मुख्यमन्त्री चेतनारायण आचार्य र प्रदेश अध्यक्ष राधाकृष्ण कँडेल थिए ।

# नेवा पुचः कतारको अध्यक्षमा जमुना सर्वसम्मत चयन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १५ मंसिर



नेवाः देय् दबु केन्द्रद्वारा प्रवास शाखाका रूपमा पहिलो सम्बन्धन प्राप्त तथा कतारमा रहेका नेवार समुदायको साझा संस्था नेवा पुचः कतारको चौथो अधिवेशन खुला र बन्द सत्र गरी दुई चरणमा सम्पन्न भएको छ । शुक्रबार ग्राण्डमलमा अवस्थित लालीगुराँस रेस्टुरेन्टको सभा हलमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट जमुना श्रेष्ठ (भक्तपुर)को अध्यक्षतामा सर्वसम्मत रूपमा नयाँ कार्यसमिति चयन भएको छ ।

समितिको वरिष्ठ उपाध्यक्ष कैलाश श्रेष्ठ, उपाध्यक्षद्वय लक्ष्मण श्रेष्ठ र सृष्टि श्रेष्ठ, महासचिव विकास श्रेष्ठ, सचिवद्वय ओम कुमार श्रेष्ठ र रबिन कर्माचार्य, कोषाध्यक्ष अशोक श्रेष्ठ, सहकोषाध्यक्ष पर्शुराम श्रेष्ठ रहेका छन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा निरु श्रेष्ठ, सरिता श्रेष्ठ, अस्मिता महर्जन, अञ्जना श्रेष्ठ, राम सुन्दर श्रेष्ठ, समीर श्रेष्ठ, राम हरि श्रेष्ठ, देव नारायण नगरकोटी, गंगाप्रसाद श्रेष्ठ, विकास नानिचा श्रेष्ठ र सुवर्ण कुबेर श्रेष्ठ रहेका छन् । सर्वसम्मत चयन भएको समितिलाई निर्वाचन समितिका संयोजक किशोर महर्जनले पद तथा गोपनीयताको सपथ ग्रहण गराएका थिए ।

अधिवेशनको खुला सत्र पुचः कतारका अध्यक्ष राजु महर्जनको सभापतित्व तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष डी.एन. मगरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । अधिवेशनलाई सम्बोधन गर्दै प्रमुख अतिथि मगरले नेपालमा सबैभन्दा पहिले नेवारहरूले नै संस्था स्थापना गरेको बताउँदै कतारमा पनि नेवा पुचः संस्कार संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै अगाडि बढिरहेकोमा खुसी व्यक्त गरे ।

नेवारी समुदायको पुरानो नृत्य कुमारी नृत्यमार्फत कोरियोग्राफर तथा नृत्यांगना सृष्टि श्रेष्ठले स्वागत नृत्य पेस गरेकी थिइन् । अधिवेशनमा विभिन्न कलाकारहरूले नेवारी तथा नेपाली भाषामा सांगीतिक प्रस्तुति दिएका थिए । कार्यकालभरि विभिन्न क्षेत्रबाट सहयोग गर्ने सहयोगी, कलाकारसहित नेपाल आदिवासी जनजाति महासंघ कतार मातहतका सबै मातृ संस्थाहरूलाई सम्मान गरिएको थियो । अधिवेशनमा न्यून संस्थाहरूलाई निमन्त्रणा गरिएको थियो भने मातृ संस्था प्रमुख तथा प्रतिनिधिहरूले शुभकामना मन्तव्य राखेका थिए ।

अधिवेशनको खुला सत्रको समापन गर्दै सभापति महर्जनले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबैमा आभार व्यक्त गरेका थिए । पुचःका वरिष्ठ उपाध्यक्ष राकेश श्रेष्ठले स्वागत मन्तव्य राखेको अधिवेशनलाई महासचिव कैलाश श्रेष्ठले सहजीकरण गरेका थिए ।

# कांग्रेसलाई पहिलो पार्टी बनाउने दाबी

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १५ मंसिर



नेपाली कांग्रेस अर्घाखाँचीका पूर्वसभापति कमल प्रसाद भुसालले गाउँ-गाउँमा गएर एकजुट भइ संगठन विस्तार र सुदृढीकरणमा लाग्न अगुवा कार्यकर्ताहरूलाई निर्देशन दिएका छन् ।

भुसालले पार्टीमा आफूबाट भएका कमी कमजोरी सच्याउँदै अघि बढ्न अनुरोध आग्रह गरेका छन् । पार्टीका अगुवा कार्यकर्ताले गल्ती गरेको भए त्यसबारेमा जिल्ला पार्टीलाई जानकारी गराउन आग्रह गर्दै उनले सयदिने अभियानले पार्टीलाई बलियो बनाएर अगाडि बढने बताए । भुसालले भने, ‘पार्टीमा सबै नेताले आफ्ना गल्ती सच्चाउन पर्छ । संगठन मजबुद बनाउनु पर्छ । चुनावमा पार्टी पहिलो बन्नु पर्छ ।’ कांग्रेस भूमिकास्थान नगरपालिका-९ ढिकुराले विपी स्मृति प्रतिष्ठान गैराकोटमा आयोजना गरेको एक सय दिने अभियानअन्तर्गत वृहत्त क्रियाशील सदस्यता वितरण कार्यक्रममा बोल्दै भुसालले भने, ‘पार्टीभित्र मैले गल्ती गरेको छु र कमी कमजोरी भएका छन् भने सुधार गर्न तयार छु ।’

नेता भुसालले नेपालका हरेक आन्दोलनको नेतृत्व कांग्रेसले गरेको बताउँदै मुलुकमा उत्पन्न हरेक समस्याको समाधान खोज्न पनि कांग्रेस अग्रसर रहँदै आएको बताए । भुसालले सबै दलहरूसँग जिल्लामा सहमति, एकता र मेलमिलाप गरेर जिल्लाको विकास कांग्रेसको नेतृत्वमा गरिने बताए ।

# मलाहिटोलमा एक दिने नि:शुल्क आँखा शिविर सम्पन्न

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ मंसिर



पूर्व विद्यार्थी समाज श्री सरस्वती माध्यमिक विद्यालय मलाहिटोलको पहलमा गरीब, दलित, महिला, मुस्लिम समुदायलाई लक्षित गरेर एक दिने निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । डाक फाउन्डेसनको आर्थिक सहयोग, नेपाल नेत्र ज्योति संघ, गौर आँखा अस्पतालको आयोजना, र स्थानीय आयोजक गरुडा आँखा अस्पताल, श्री सरस्वती मावि मलाहीटोलको पूर्व विद्यार्थी समाजको नेतृत्वमा एक दिने निःशुल्क आँखा शिविर सम्पन्न भएको हो ।

शुक्रबार बिहान ९ वजेदेखि सञ्चालन भएको शिविरमा २२४ महिला र २०१ पुरुष गरी जम्मा ४२५ जना सेवाग्राहीहरूले आँखाको परिक्षण गराएको आयोजक समितिले जनाएको छ ।

आँखा परिक्षण गराएका मध्ये १२६ जनालाई आउँदो मंगलबार, बुधवार र बिहीबार गौर आँखा अस्पताल पुरेनवामा निःशुल्क शल्यक्रिया गरिने भएको छ ।

शिविरमा आएका सेवाग्राहीलाई आयोजक संस्थाहरूले निःशुल्क रुपमा औषधि ४५ जनालाई, १२८ जनालाई चश्मा र लेन्ससहितको आँखाको निःशुल्क शल्यक्रिया १२६ जना तथा सहभागी सम्पूर्णलाई परामर्शसमेत दिएको थियो ।

सो कार्यक्रममा गौर आँखा अस्पताल पुरेनवाका डा. शिव कुमार यादव, लालबाबु साह, अमित दास, सुशिल पासवान सहित ९ जनाको प्राविधिक टोली, नेपाल नेत्र ज्योति संघ, गौर आँखा अस्पताल पुरेनवाको कार्यक्रम संयोजक सतेन्द्र पाण्डे, पूर्वविद्यार्थी समाजका इन्द्रजीत सहनी, शिवचन्द्र प्रसाद साह, अम्विका सहनी, साहेव सहनी, अमरुल आलम, विश्वन्नदन सहनी, विवेक सहनी, मुकेश शाह, जितेन्द्र सहनी, बालकृष्ण सहनीलगायत दर्जनौं स्वयमसेवकहरूले कार्यक्रममा सहजीकरण गरेको बताइएको छ ।

साथै शल्यत्रिकया गर्न सकिने सेवाग्राहीलाई गौर आँखा अस्पतालसम्म जान आउन यातायातको निःशुल्क व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

# अन्तर्राष्ट्रिय बागलुङ समाजद्वारा शैक्षिक सामग्री वितरण

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १५ मंसिर



बागलुङको अमलाचौरस्थित सरंगीमा रहेको लक्ष्मीनारायण आधारभूत विद्यालयमा अध्ययनरत बालबालिकालाई शैक्षिक सामग्री तथा पोसाक वितरण गरिएको छ । अन्तर्राष्ट्रिय बागलुङ समाजको सहयोगमा उक्त विद्यालयमा अध्यनरत बालबालिकालाई शैक्षिक सामग्री तथा पोसाक वितरण गरिएको हो ।

समाजका उपाध्यक्ष भीम केसीले जिल्लास्थित विद्यालय पुगेर एक कार्यक्रमका बीच बालबालिकालाई शैक्षिक सामग्री तथा पोसाक वितरण गरेको संस्थाले जनाएको छ । विद्यालयमा अध्यनरत गरिब, जेहेन्दार तथा पिछडिएका माझी समुदायका ४५ जना बालबालिकालाई झोला, कापीकलम, जुत्ता, पोसाकलगायतका सामग्री सहयोग स्वरुप प्रदान गरिएको समाजका उपाध्यक्ष केसीले बताए ।

माझी समुदायका बालबालिकाको पठनपाठनमा थोरै भएपनि सहयोग पूगोस् भन्ने उद्देश्यले समाजले करिब १ लाख ५० हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री प्रदान गरेको उनले बताए ।


## Miklajung Rural Municipality
## Office of Rural Municipal Executive
**Madhumalla, Morang**
**Koshi Province, Nepal**

### Invitation for Bid

**First Notice: 16th Mangsir 2081 (1st December 2024)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following works.

| S. N. | Contract Identification Number and description of works | Bid Security Amount (NRs) | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Estimated Amount without VAT & PS |
|---|---|---|---|---|---|---|
| 1. | 2/MRMM/WORKS/NCB/081/82 (Mawa Naitepani Malami Tahara Sadak Kalopatre) | 4,78,000 | 3000 | 12:00 noon 31st December 2024 | NCB | 1,67,49,459.99 |

Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla, Morang, during the office time.

**Chief Administrative Officer**

## Kakani Rural Municipality
## Office of Rural Municipal Executive
**Ranipauwa, Nuwakot**

### Invitation for Electronic Bids

**First Date of publication: 2081-08-16**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under National Competitive Bidding Bidders for the following works under National Competitive Bidding
2. Bid Submission and Bid Opening Dates are given below.

| Contract no. | Description and location of works | Estimate amount with ps (Excluding VAT NRs) | Bid Security Amount, NRs. | Bid Security Validity period | Price of Bid Document, NRs. | Last Date of Bid Purchase | Last Date of Submission | Bid Opening Date And Address |
|---|---|---|---|---|---|---|---|---|
| 06/Kkni /Road/ 2081-82 | Upgrading Of MahalaxmiSthan Sirangaun-Jalkini Okharpauwa Road Ward No 01 | 1,76,52,264.47 | 5,00,000.00 | 90 days/ 120 days | 3000 | 2081/09/15 within office Hour | 2081/09/16 12:00 Hrs. | 2081/09/16,13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa |

1) Details of Bank for Cost for Bid Document Agricultural Development Bank. Ranipauwa Branch, Office Account no: 0213401251034093 (Kakani rural municipality Rajaswo khata) & Cash Deposit for Bid Security Agricultural Development Bank. Ranipauwa Branch, deposit Account no:0213401251034042 Name of the Office : Kakani rural municipality, Office of municipal Executive, Ranipauwa, Nuwakot
2) Bid Documents shall be download from e-GP portal of PPMO's website www.bolpatra.gov.np/egp Bidders submitting their bid electronically, should deposit the cost of biding document in the office's Rajaswo Khata as specified above and The scanned copy (pdf format) of the Bank deposits voucher shall be uploaded by bidder at the time of electronic submission of the bids.
3) Eligible Bidders are advisedto visit e-GP portal of PPMO'S website www.bolpatra.gov.np/egp further Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa,Nuwakot,Telephone :010-411022 and mailing Address: ito.kakanimun@gmail.com
4) Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

**Chief Administrative officer**

मध्यान्ह
www.madhyanhadaily.com

१६ मंसिर २०८१, आइतबार
1 December 2024, Sunday

सम्पादकीय

## राष्ट्रिय सहमति खोजौं

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण मुलुककै एजेन्डा बन्न पुगेको छ, जबकि बिमर्श गरिनुपर्ने अरू थुप्रै एजेन्डा छन् । अत्यधिक बढिरहेको चिसोबाट नागरिकको जीवन रक्षा गर्नुपर्ने छ । उच्च हिमाली क्षेत्र र तराई-मधेशमा हुने अत्यधिक चिसोबाट बालबालिका, दीर्घरोगी र वृद्धवृद्धा जोगाउन पूर्वतयारी गरिनुपर्ने हो । त्यो तयारी गर्न स्थानीय र प्रदेश सरकारसँग संघले आवश्यक विमर्श गर्नुपर्ने हो । दसैंकै मुखमा गएको बाढी-पहिरोबाट पीडितहरूको हिउँद कष्टदायी हुनेवाला छ । उनीहरूलाई पुनर्स्थापनामा जोड दिइनुपर्ने छ । गत वर्षको जाजरकोट भूकम्पपीडितहरूले अवस्था अझै पुरानो अवस्थामा फर्कनुपर्ने छ । उल्लेख गरिएका यी सन्दर्भहरू तत्काल सरकारबाट सम्पादन गर्नुपर्ने एजेन्डा हुन् तर प्रधानमन्त्रीको भ्रमणले अरू सबै एजेन्डा ओझेलमा पारिदिएको छ ।

प्रधानमन्त्रीको भ्रमणलाई मुलुकको मूल एजेन्डा बनाउने काम नेताहरूबाटै भएका छन् । प्रधानमन्त्रीले भारत कि चीनको पहिले भ्रमण गर्ने भन्ने मतभेदबाट यो एजेन्डा अगाडि बढेको थियो । भारतले प्रधानमन्त्री ओलीलाई भ्रमणको निम्तो दिएको छैन । यद्यपि, कतिपय नेताहरूले नेपालका प्रधानमन्त्रीले भारतको भ्रमण गर्ने परम्परा रहेकाले ओलीले चीनको भ्रमण गरिनुलाई अस्वाभाविक मानेर सार्वजनिक टिप्पणी गरे । जबाफमा नेकपा एमालेका अध्यक्ष रहेका ओलीले 'सार्वभौम र स्वतन्त्र देशका प्रधानमन्त्रीले कुनै पनि देशलाई सोधेर बाह्य देशको भ्रमण तय नहुने' बताए । यी दुईथरि तर्कका कारण प्रधानमन्त्री ओलीको चीन भ्रमणले चर्चा पायो । यसबाहेक चीनको महत्त्वाकांक्षी परियोजना बीआरआईबारे नेपालले लिनुपर्ने निर्णयका कारण प्रधानमन्त्री ओलीको भ्रमणले महत्त्व पाइरहेको छ ।

प्रधानमन्त्री ओलीको चीन भ्रमणकै कारण मुलुकका अरू एजेन्डा ओझेलमा पर्नु हुन्न । तर, भइरहेको विमर्श गलत भइरहेको छैन । प्रधानमन्त्रीले कुन देशको पहिले भ्रमण गर्ने भन्ने विषय नयाँ मतभेद होइन । यसमा प्रधानमन्त्रीले गरेको तर्क नै सही हो, सार्वभौम देशका प्रधानमन्त्री आफ्नो भ्रमणको निर्णय लिन स्वतन्त्र हुनुपर्छ । चर्चा भइरहेको अर्को विषय हो, बीआरआई । यो एजेन्डाप्रति सत्तारूढ नेपाली कांग्रेस र एमालेबीच नै समान धारणा छैन । कांग्रेसले संस्थागत रूपमै ऋण लिएर बीआरआई परियोजनामा सम्झौता नहुने अडानमा छ । बीआरआईप्रति एमालेसहित वाम दलहरू तुलनात्मक उदार छन् । कतिपय नेताहरू त वकालतमै छन् । तर, यो विषयमा दलहरूबीच साझा धारणा बन्न आवश्यक छ किनकि एजेन्डा मुलुकसँग जोडिएको छ । तसर्थ, विवाद चर्काएर यो परियोजनाबारे निर्णय लिइनु हुन्न ।

# संस्कृत र गुरुकुललाई आधुनिक बनाउने सवाल

धर्म-संस्कृति



● चन्द्रकान्त पौडेल

गुरुकुल पढेका विद्यार्थीहरू पनि क्रिकेटर, डाक्टर, इन्जिनियर, पाइलट, फार्मेसिस्ट आदि विविध बन्न पाउनुपर्छ । उनीहरूले पार्ट टाइम चिना हेरून्, विवाह, व्रतबन्धादि षोडश संस्कार गराऊन्, यस्तो हेर्दा छुट्टै आनन्द हुने छ ।

संस्कृतं संस्कृतेर्मूलम् अर्थात् संस्कृत नै मौलिक संस्कृतिको आधार यानि कि मूल हो । वेदो खिलो धर्ममूलम् वा वेद नै सबै धर्मको मूल आधार हो । उपर्युल्लिखित २ संस्कृत पद्यांश मिथक होइनन्, सत्य हुन् ।

नमस्कार गर्नं, गुरु सम्मान, अतिथि पूजा, माता-पिताप्रतिको उत्तरदायित्व, धर्तीप्रतिका कर्तव्यहरू, परिवारप्रतिको जिम्मेवारी, समाजप्रतिको जिम्मेवारी, प्रकृतिप्रतिको जबाफदेहिता, आत्मानुशासन र यज्ञ यज्ञादि कर्मकाण्डहरू अनेक जुन हाम्रा मौलिक संस्कृति छन्, यी सबै संस्कृतमा लुकेका छन् । सबै धर्मको भावना वेदमा छ, नपत्याए गीता, कुरान, बाइबल, बुद्ध ग्रन्थ, गुरु ग्रन्थको समानता केलाउनुहोस् । धेरै समानता पाइन्छन् ।

यी सबै ग्रन्थको अध्ययनपछि पंक्तिकार पनि यो मान्यतामा अडिग छ कि संसारका धर्मग्रन्थहरूमा वेदको प्रत्यक्ष प्रभाव छ । त्यति मात्र होइन, मन्दिर, मस्जिद, चर्च, गुरुद्वारा, गुम्बाको स्वच्छन्द भ्रमणबाट के थाहा भयो भने, सबैको उच्च भागमा चुच्चो गजुर विविध रूपमा सजिएको छ ।

सबै प्रकारका धार्मिक स्थलहरू आध्यात्मिक ऊर्जाका स्रोत हुन् । जातीय, वर्गीय, भौगोलिक, साम्प्रदायिक बन्धनबाट कतै चेतनाको शान्त लोकमा रमण गर्नं, त्यो लोक जिउँदै जाने लोक हो, जुन प्रत्येक मानवभित्र अन्तर्निहित रहन्छ ।

संस्कृत त भाषा हो, यसलाई उल्था गरेर पढे पुग्छ, ज्ञान हुन्छ भन्नु र प्लास्टिकका लुगा लगाएर धारामा थापिएर नुहाएर शीतल हुन्छ, सफा हुन्छ भन्नु उस्तैउस्तै हो । करोडौं शब्द, असंख्य ग्रन्थ, हजारौं मन्त्र, लाखौं श्लोक यी सबै उल्था गरेर पढ्नुभन्दा संस्कृत भाषा पढेर सिकेर यस सागरमा हामफालेर पौडिनुको मज्जा बेग्लै हुने छ । यो पुरातनकालको सभ्यता हो, जसको कुनै 'एक्स्पायर डेट' नै छैन । यो कहिले नरोकिने गाडी हो ।

वेद भनेको नै ज्ञान हो, त्यो सबैका लागि अपरिहार्य छ । सशस्त्र द्वन्द्वकालका समयमा संस्कृत शिक्षा, नैतिक शिक्षा हट्यो । संस्कृत शिक्षालाई जलाउने इतिहास, मेटाउने कार्यमा अग्रणी माओवादी पार्टी आज इतिहास बनिसकेको अवस्था छ । तर, न केवल माओवादी त्यतिबेलाको कर्मचारीतन्त्रदेखि राजनीतिक अन्य शक्ति पनि खोइ कसको इशारामा चले, हाम्रो पाठ्यक्रममा विदेशी हस्तक्षेप भयो र केही समय नेपालबाट संस्कृत कताकता हराए जस्तो भयो ।

अहिले आएर संस्कृत शिक्षा फाट्टफुट्ट गुरुकुलहरूमा सुरक्षित छ । तर, गुरुकुलको पाठ्यक्रममा विज्ञान यानिकि विज्ञान नहुनाले संस्कृत क्षेत्रमा अध्ययन गर्नेहरू विज्ञान, व्यवस्थापन, प्राविधिक एवं अन्य नवीन संकायमा जानबाट बञ्चित हुन्छन् ।

वेद, पुराण, संस्कृत भाषा, आयुर्वेद, योगलगायत सकल पूर्वीय दर्शन गुरुकुलमा पढाइन्छन् भने अन्य विषयतर्फ अंग्रेजी, गणित, सामाजिक जस्ता विषयहरू छन् तर महत्त्वपूर्ण विषय विज्ञान जुन अहिलेको युगमा अपरिहार्य छ, त्यो विषय संस्कृत गुरुकुलको पाठ्यक्रममा छैन । विभिन्न सम्प्रदायले साम्प्रदायिक प्रतिस्पर्धायुक्त गुरुकुल चलाए, जहाँ ज्ञानभन्दा पनि परम्परा वस्त्र टीकाको भूमिकालाई महत्त्वपूर्ण मानिँदै आइयो ।

केही अपवादबाहेक प्रायः १००८ स्वामी, महाराज, जगद्गुरु, मण्डलेश्वर आदि विशेषण धारण गर्नेहरूमा नै संस्कृत भाषा, वेद पुराण, व्याकरण, ज्योतिष आदिको गहन ज्ञानको अभाव देखिन्छ । गहन ज्ञानको अभावमा समाजले जुन उच्च दिशा पाउनुपर्ने हो, त्यो पाउन असफल देखिन्छ ।

आन्तरिक विमतिका कारण विद्वानहरू फरकफरक सम्प्रदायमा बसेर आध्यात्मिक सामाजिक साधना गरे यसमा धेरै अन्यथा मान्नुपर्ने पनि केही छैन, मात्र वेद गीताको सन्देशलाई साम्प्रदायिक व्याख्या गरेर समाजलाई ज्ञानको मार्गबाट भड्काउन भने हुँदैन ।

गुरुकुलमा अध्ययनरत विद्यार्थीको फराकिलो भविष्यको चिन्तन पाइएन, फलस्वरूप संस्कृतमा शास्त्री, आचार्य, विद्यावारिधिपश्चात् पनि कथा प्रवचन, श्राद्ध, एकाह, षोडश संस्कार गर्दै मात्र हिँड्नुपर्ने व्यापक बाध्यता आइलाग्यो । त्यसमाथिको राजनीतिक खिचातानीले संस्कृत भाषामा साधारणतया शुद्ध बोल्न, लेख्नसमेत नसक्नेहरू नेपाल संस्कृत विश्वविद्यालयका आंशिक, करार, उपप्राध्यापक, प्राध्यापक अझ डाक्टर पनि नामको अगाडि लेखे ।

'एकां लज्जां परित्यज्य सर्वत्र विजयी भवेत्' कहिलेकाहीँ प्रश्न उठ्छ, त्यस किसिमका प्राध्यापकले के पढाउँदा हुन् र तिनका विद्यार्थी कस्ता होलान् ? यस मानेमा नेपाल संस्कृत विश्वविद्यालय विद्वानरहित छ भन्न खोजेको पनि होइन, गुरुकुलीय क्षेत्रबाट गएकाहरूले यसको साख जोगाइरहेका छन् । स्वामी श्रीधराचार्यले बागलुङमा २०४१/०४२ सालमा स्थापना गरेको श्री मुक्तिनाथ संस्कृत वेद विद्याश्रम, डा. स्वामी रामानन्द गिरिले देवघाटमा स्थापना गरेको महेश संस्कृत गुरुकुल, स्वामी परमानन्द सरस्वतीले स्थापना गरेको हरिहर संस्कृत विद्यापीठले संस्कृत विश्वविद्यालय धानेको छ भन्दा फरक पर्दैन । यी ३ जना महापुरुषको शिष्य परम्पराले नै संस्कृत विश्वविद्यालयको र समग्र नेपाली संस्कृत जगत्को लाज राखेको छ ।

अहिले सबै संस्थाहरू संस्कृत विश्वविद्यालयसँग अनुबन्धित छन् । केही हुने क्रममा छन् अन्यथा नेपाल संस्कृत विश्वविद्यालयका रैथाने आंगिक क्याम्पसहरू वाल्मीकि क्याम्पस, विन्दवासिनी क्याम्पस, बीपी संस्कृत विद्यापीठ, रुरुको संस्कृत क्याम्पस, मटिहानी आदिमा रहेका पुराना संस्थाहरूको संस्कृत शैक्षिक स्तर अत्यन्त दयनीय छ ।

तर, किताबी ज्ञान सबथोक होइन रहेछ । संस्कृतका विद्वान् मानिएकाहरू, स्वामीजी मानिएकाहरूले समाजमा व्याप्त छुवाछूत, भेदभाव अज्ञानताको पाटोलाई सुधार्लान् भन्नुको साटो यस्ता कुरालाई प्रश्रय दिने किसिमका भए ।

विज्ञानको गुरुत्व बुझ्ने गुरुहरू भएनन् । संस्कृत शिक्षालाई टीका र धोतीमा सीमित बनाए । यसलाई वेषको शिक्षा बनाउन तत्पर देखिए । ज्ञानको पाटो कता हरायो । सर्टिफिकेटमा विज्ञान भएन भने विविध क्षेत्रमा जानबाट संस्कृतका विद्यार्थी बञ्चित हुने छन्, त्यसैले विज्ञान अनिवार्य गर्नंपर्छ भन्ने आवाजलाई वर्षौंदेखि दबाउँदै आइएको छ । किताबी शिक्षा सबथोक होइन रहेछ, पढेपछि फेरि आत्मशिक्षाको विश्वविद्यालयमा भर्ना हुनुपर्छ, चेतनामा एमफिल र ज्ञानमा पी. एच. डी. गर्नंपर्छ अनि मुक्त भएर डिलिट हुनुपर्छ ।

पंक्तिकारले त गुरुकुलमा विज्ञान पढ्न पाएन, अब आउने पुस्ताले भने गुरुकुलमा ढुक्कले वेद र विज्ञानसँगै पढ्न पाओस् । एउटै गुरुकुलमा पढेका भगवान् श्रीकृष्ण नेता तथा सुदामा विद्वान् गुरु भए । छात्र कुलमा जन्मिएर भगवान् श्रीरामले वशिष्ठको गुरुकुलमा पढे र राजा भए ।

प्राचीन गुरुकुलमा भेदभाव गरेको पाइँदैन, त्यहाँ सबै वर्णका हुन्थे भन्ने प्रमाण पुराणहरूमा छन् । हामीले कहिले होला, सबै जात जातिलाई राखेर वेद संस्कृत र संस्कार सिकाउने ? कथित शास्त्र पढेका हौं भन्नेहरूलाई म्लेच्छ देशका मान्छे भन्ने खैरेहरूले उनीहरूलाई नै प्रशिक्षण दिन थालिसके । उनै खैरेहरूलाई गुरु बनाउने मात्र होइन, उनकैमा पूजापाठ गर्ने, रिसर्च गर्ने आदि क्षमताअनुसार जागिर खान थालिसके ।

फेरि किन हाम्रै नेपाली समाजका मगर, गुरुङ, परियार, विक, क्षेत्री आदि कथित ब्राह्मणेत्तर समुदायलाई हामीले संस्कृतअन्तर्गत वेदादि नपढाउने ? खोइ यसमा पहल गरेको ? रोक्नुको कारण के ? गुरुकुलमा खेलकुद अस्त्र शस्त्र सबै पढाइन्थ्यो । खोइ त हामी ? के पुजारी मात्र उत्पादन गर्ने भनेर पुर्खाले गुरुकुल चलाएका हुन् त ?

त्यसो भनेर पुर्खाको कमजोरी केलाइरहँदा आज यो स्थितिमा हाम्रो पुस्तालाई ज्ञानको संरक्षणमा उभिने बनाएको तिनै धोती, टीका, चन्दन लगाएकाहरूले हो । प्रतिकूल अवस्थामा विविध कर्मकाण्डका माध्यमबाट नै वेद, व्याकरण, दर्शन आदि सकल शास्त्रलाई जोगाउने काम पनि उनै पुर्खाहरूले गरेका हुन् । उनले जे जति गरे, त्यो वन्दनीय छ, उनका कमीकमजोरीलाई अहिलेको पुस्ताले सच्याउने काम भने अवश्य गर्नंपर्ने हुन्छ ।

हामीसँग आज सबै पूर्वाधार तयार छन्, अवस्था अनुकूल बनेर आएको छ । अब देवघाटमा धोती लगाएर संस्कृतका सूत्र रट्दै गरेको बच्चालाई मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति, राजदूत, डाक्टर, इन्जिनियर, क्रिकेटर, कलाकार, पत्रकार वा अन्य विविध क्षेत्रमा पुऱ्याउने सपना देख्नुपर्छ ।

हामीले कस्तो जनमानस उत्पादन गर्ने सपना देखेका छौं ? गुरुकुल पाठ्यक्रममा यदि विज्ञान छैन भने त्यो पाठ्यक्रम पढेर विद्यार्थीलाई अधुरो शिक्षा पढाएर समय खेर फालेर काम छैन । 'ज्ञानंविज्ञानसहितम् ।' अब वेद र विज्ञान एकै ठाउँमा ल्याउनुपर्छ । यो उत्कृष्ट हुने छ ।

वेदको मन्त्र रट्नमा तल्लीन बटुकहरूका लागि विज्ञानका सूत्रहरू सामान्य लाग्ने छन् । राम्रो अंक ल्याएर देश टप्ने छन् । यसले समुदाय र जनमानसमा पनि गुरुकुल शिक्षाप्रति आकर्षण बढ्ने छ र भोलि सबैले यसको महत्त्व बुझ्ने छन् कि संस्कृत चाहिने रहेछ । यसरी सबै नेपालीका छोराछोरीले संस्कृत बुझ्न पाए भने कसैले विदेशमा श्रमिक भएर जानुपर्ने छैन । कोही योग गुरु, ज्योतिष, प्रवक्ता, ट्रेनर, वास्तुविद्, आयुर्वेदिक वैद्य, कोही भाषाविद्, संस्कृत भाषा प्रशिक्षक आदि विविध हुने छन् । विज्ञान मिसियो भने त कुन क्षेत्र बाँकी रहला र ? समय आएको छ, मुठ्ठी फुकाउनुपर्ने बेला आएको छ । अब ढिला गर्नंहुँदैन ।

गार्गी, मैत्रेयी, अरुन्धतीको परम्परालाई जोगाउन अब गुरुकुलीय शिक्षामा महिला सहभागिता पनि अनिवार्य भइसकेको छ । अहिले पाश्चात्य देशका आधुनिक युवतीहरू वेदका मन्त्र, श्लोक, संस्कृत भाषा सिकिरहेका बेलामा हामीले हाम्रो स्त्री शक्तिलाई पनि यस क्षेत्रमा सुविधा दिन आवश्यक छ या त गुरुकुलको पाठ्यक्रममा विज्ञानलाई अनिवार्य गरौं नत्र संस्कृतको पाठ्यक्रममा पढाउन थालौं ।

विद्यार्थीको जीवनसँग खेलबाड नगरौं । संस्कृतमा पी. एच. डी. गरेका पनि उही कथा सुनाउने, एकाहमा पाठ गर्ने, श्राद्ध गराउने काममै मात्र रमाइरहने हो भने किन गर्नंपऱ्यो शास्त्री, आचार्य, पी. एच. डी. ?

यसको अर्थ कर्मकाण्ड नै नगर्ने भनेको पनि होइन । गुरुकुल पढेका विद्यार्थीहरू पनि क्रिकेटर, डाक्टर, इन्जिनियर, पाइलट, फार्मेसिस्ट आदि विविध बन्न पाउनुपर्छ । उनीहरूले पार्ट टाइम चिना हेरून्, विवाह, व्रतबन्धादि षोडश संस्कार गराऊन्, यस्तो हेर्दा छुट्टै आनन्द हुने छ । शिक्षा मन्त्रालयले गुरुकुल शिक्षाका लागि छुट्टै समिति बनाएको छ । त्यहाँ समितिमा भएका विद्वान् गुरुहरूलाई ध्यानाकर्षण गराउने काम सबै पक्षबाट हुन जरुरी छ ।

नीति निर्माण तहमा, संसद्मा, कूटनीतिक नियोगहरूमा, देशको राजकीय क्षेत्रमा जस्ता पनि मान्छे पठाएर अर्थ छैन । चेतनाको दियोले धपक्क बलेको व्यक्तित्व, जो सबै किसिमका भेदभाव जस्तै : धार्मिक जातीय, राजनीतिक, भौगोलिक, साम्प्रदायिक विभेदबाट पर होस्, सबैलाई समान माया गरोस्, त्यस्तो व्यक्तित्वको निर्माण गरेर नीति निर्माण तहमा पुऱ्याउनु पनि संस्कृत गुरुकुलको दायित्व हो । संस्कृत पढेकाहरूले आफ्ना छोराछोरीलाई संस्कृत पढाएको कम देखिन्छ, त्यो पनि गुरुकुल शिक्षामा विज्ञान नभएर हो । गुरुकुलीय शिक्षा पद्धतिमा केही सुधार भए मात्र पनि हाम्रो शैक्षिक गुणस्तर उकासिने छ र नेपाललाई विश्वगुरु बनाउने अभियान सार्थक र सफल हुने छ । जयतु संस्कृतम्, जयतु नेपालः ।

## सामाजिक सञ्जाल




**सरोज पोखरेल**

कृषिप्रधान देश रे ! चाहिने बेलामा जहिल्यै मलखादको अभाव ! लसुन प्याज पठाउने चीनले मलखाद पनि पठाउँछ कि ! पानीजहाज र रेलभन्दा पनि जीवनलाई नभई नहुने चिज त अनाज (अन्न) हो । तसर्थ, प्रमको चीन भ्रमणका बेला यसो यो कुरा पनि उठाए हुने हो ! सधैं नपुग्दो कुरा मात्र गरेर आखिर देश कहाँ नै पुग्छ र !



**विराट अनुपम**

धर्मको नाममा कोटा पाउने, आयोग पाउने एक मात्र धार्मिक समुदाय मुस्लिम हो । मन्त्री, मुख्यमन्त्री अनि न्यायाधीश सबै भएको गर्विलो इतिहास छ हाम्रो । हिन्दु बाहुल्य नेपालको उदारता मुस्लिम अगुवाले बंगलादेशका हिन्दुमाथि देखाउन लाग्नुपऱ्यो । अल्पसंख्यकमा बोल्ने सफ्ट पावर नेपालको मात्र छ सार्कमा ।



**रोशन सिवाकोटी**

केही महिनाअघि भएको भारतीय निर्वाचनमा राहुल प्रधानमन्त्री बन्दै छ भनेर नेपालका कथित अग्रगामी निक्कै रोमाञ्चित थिए । अब राजीवका श्रीमती सोनिया छोरो राहुल र छोरी प्रियंका तीनै जना पहिलो पटक एकसाथ सांसद बनेछन् । एक दिन त यसैको उपलक्ष्यमा अग्रगामी नेपालमा सार्वजनिक बिदा हुनुपर्ने हो के !



**कृष्ण पोखरेल**

गृहमन्त्री कोरोला नाकामा आज अध्यागमन कार्यालयको उद्घाटन गर्छन् तर भोलिपल्टै कार्यालय बन्द गरेर कर्मचारी काठमाडौं फर्कन्छन् । भैरहवाबाट अन्तर्राष्ट्रिय उडान प्रारम्भ हुन्छ तर वैदेशिक रोजगारमा जाने श्रमिकका सबै कागजपत्र काठमाडौंमै मात्रै बन्छन् । जहाज चढ्न मात्रै किन भैरहवा झर्नं ?

## इतिहासमा आज

१ डिसेम्बर १६४० मा स्पेनको ६० वर्षको गुलामीपछि पोर्चुगल स्वतन्त्र भएको थियो ।



१ डिसेम्बर १९७४ मा भर्जिनियाको अपरविलेमा बोइङ ७२७ विमान दुर्घटना हुँदा ९२ जनाको मृत्यु भएको थियो ।



१ डिसेम्बर १९८८ मा पाकिस्तानमा आपत्काल समाप्त भई राष्ट्रपति गुलाम इशहाक खानले बेनजिर भुट्टोलाई प्रधानमन्त्री नियुक्त गरेका थिए ।



१ डिसेम्बर १९६३ मा नागाल्यान्ड भारतको १६औं राज्य बनेको थियो ।




# तथ्यमा विश्वास गरौं



● राजन तिमिल्सिना

आज मानव समाजमा २ वटा प्रभाव हावी छन्- धर्म र विज्ञान । धर्मले कल्पना, मिथक, अलौकिकतालाई आधार बनाएर आफ्नो धारणा निर्माण गऱ्यो भने विज्ञानले श्रम, अनुभव, जिज्ञासा, आवश्यकता, अध्ययन, खोज, अनुसन्धान, अन्वेषण, तथ्य र प्रमाणबाट आफ्नो आधार निर्माण गऱ्यो ।

धर्मले प्राकृतिक विपत्ति र त्यसका कारणबारे यथार्थ बुझ्न सकेन तर विज्ञानले त्यस्ता घटनाहरूलाई विज्ञानका ४ आधारभूत शाखामा राखेर अनुसन्धान गऱ्यो । पहिलो रसायन विज्ञान : पानी, हावा, पृथ्वी र धातु जस्ता निर्जीव वस्तुहरूको बारेमा खोज अन्वेषण र तथ्य पत्ता लगायो । दोस्रो, भौतिक विज्ञान : आफैंले अनुभव गरेको प्रकाश, ताप, ध्वनि, आँधी, तुफान, बिजुली आदि भौतिक पदार्थसँग सम्बन्धित प्रश्नहरू कारण र कार्यको उत्तर दियो । तेस्रो, खगोल विज्ञान : अलौकिक घटनाहरू जस्तै : बाह्य शक्तिहरू, दैनिक सूर्योदय र अस्त, चन्द्रमा, ताराहरू, उल्का, ब्रह्माण्डभित्रका विभिन्न ग्रहणहरूबाट गुज्रने ग्रहहरूसँग सम्बन्धित प्रश्नहरूको उत्तर दिन सफल भयो ।

चौथो जीव विज्ञान : मानव मनका आफ्नो वरपरका जीवित वस्तुहरूबारे प्रश्नहरू जस्तै : जन्म, सन्तान वृद्धि, रोग, महामारी, मृत्यु आदिका कारण पत्ता लगायो । विज्ञानको पद्धतिको विकास भएको थिएन, मानिससँग सीमित ज्ञान र विवेक कारण धर्महरू क्रमशः विकसित र फैलावट हुँदै गए । आजसम्मको खोज अनुसन्धानबाट तलका तथ्यहरू फेला परेका छन् ।

४ हजार वर्षअघि वेद र शास्त्र भन्ने चिज अस्तित्वमा थिएनन् । ३५ सय वर्षअघि हिन्दु धर्म अस्तित्वमा थिएन । २५ सय वर्षअघि बुद्ध धर्म अस्तित्वमा थिएन । २ हजार वर्षअघि इसाई धर्म अस्तित्वमा थिएन । १६ सय वर्षअघि इस्लाम अस्तित्वमा थिएन । मानव विकासको प्रमाणित अवशेषहरू पृथ्वीका विभिन्न स्थानमा फेला परेका छन्, जसले मानिसको विकासक्रमको अध्ययनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

सबैभन्दा महत्त्वपूर्ण अवशेषहरू केही स्थानमा फेला परेका छन्, जसबारे यहाँ चर्चा गरिएको छ ।

अफ्रिका (पूर्वी अफ्रिका) : यहाँ फेला परेको मानव अवशेष करिब २ देखि ३ मिलियन वर्ष पहिलेको हो । लुसी : सन् १९७४ मा इथियोपियाको हदर क्षेत्रमा औस्ट्रालोपिथेकस अफ़रेन्सिस प्रजातिको अवशेष फेला परेको थियो । यसको उमेर करिब ३ दशमलव २ मिलियन वर्ष रहेको छ । तान्जानिया: करिब २ दशमलव ४ देखि १ दशमलव ४ मिलियन वर्ष पुरानो होमो हैबिलिसको अवशेष तान्जानियाको ओल्डुवाई गोर्ज क्षेत्रमा फेला परेको थियो ।

जर्मनी : जर्मनीको नेआन्डर थाल उपत्यकामा सन् १८५६ मा पहिलो पटक फेला परेको अवशेष करिब ४ लाख वर्ष पुरानो थियो । इन्डोनेसिया : जाभा टापुमा सन् १८९१ मा होमो इरेक्टस जातिको मानव अवशेष फेला परेको थियो, जुन १ दशमलव ८ मिलियन वर्ष पुरानो थियो ।

पेकिङ मानव : चीनको झोउकोउडियन क्षेत्रमा सन् १९२०-३० को दशकमा फेला परेको मानव अवशेष पनि १ दशमलव ८ मिलियन वर्ष पुरानो थियो । मोरक्कोको जेबेल इर्हाउद : यहाँ करिब ३ लाख वर्ष पहिले यो जातिको आधुनिक मानव उत्पत्ति भएको हो ।

सन् २०१७ मा ३ लाख वर्ष पुरानो होमो सेम्पियसको अवशेष फेला परेको छ । इजरायलको स्कुल र काफ्जेह गुफाहरूमा करिब १ लाख वर्ष पुराना अवशेष रहेको छ ।

यी अवशेषहरूले मानिसको विकासक्रमलाई स्पष्ट पार्दै मानव सभ्यताको उद्गम स्थल पूर्वी अफ्रिका भएको प्रमाणित गर्छ । त्यसपछि मानिसहरू क्रमिक रूपमा अन्य महाद्वीपमा फैलिएका हुन् । निःसन्देह, धर्मभन्दा पहिले मानव सभ्यताको विकास भएको थियो । भगवान्, येशु, पैगम्बर, बुद्ध, गुरु नानक, महावीर, परमेश्वर आदिले मानिसको सृष्टि गरेको होइनन् । मानिसले नै काल्पनिक ईश्वरको रचना गऱ्यो र जुन पुस्तान्तरण हुँदै आजसम्म अस्तित्वमा छ । तथ्य, प्रमाण र तर्कमा विश्वास गरौं । अन्धविश्वासलाई खरानी पारौं ।

# जनता आवास कार्यक्रमका घर उपयोगविहीन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १५ मंसिर

अर्घाखाँचीका विभिन्न ठाउँहरुमा भूमिहीन, सुकुम्बासी तथा विभिन्न प्रकोपहरुबाट पीडित भइ घरबार विहीन परिवारहरुका लागि निर्माण भएका घरहरुमा बस्न पीडितले रुची देखाएका छैनन् । जसका कारण करोडौँका घर उपयोगविहीन बन्दै गएका छन्। अर्घाखाँची छत्रदेव गाउँपालिकाले जनता आवास कार्यक्रम अन्तर्गत निर्माण गरेका १० वटा घरमध्ये छ घर एक वर्षदेखि खाली छन्। स्थानीय सरकारसँगको समपूरक बजेटको ५० र पालिकाको ५० प्रतिशत बजेटमार्फत चार करोड रुपैयाँ लगानीमा ती घर निर्माण भएका थिए ।

रङ रोगन गरी बेहुली जस्तै सिँगारिएका प्लास्टर गरिएका सुविधा सम्पन्न घरमा पानी, बत्ती र शौंचालयको निकै राम्रो व्यवस्था भएपनि त्यहाँ बस्न स्थानीय इच्छुक देखिँदैनन् । सबै घरमा सोलार बत्ती जडान गरिएको छत्रदेव गाउँपालिकाका स्थानीय युवा सन्जय पाण्डेले जानकारी दिए। गाउँको राम्रो ठाउँ खोजेर वरिपरि निकै हरियाली



वातावरण र खुला ठाउँमा घर निर्माण भएका छन्। साना चिटिक्क र रङ रोगन गरिएका घर हेर्दा निकै आकर्षक छन्। छत्रदेव गाउँपालिका वडा नम्बर ६, चौवाहामा ४२ रोपनीमा घर निर्माण भएको छत्रदेव गाउँपालिका अर्घाखाँचीका अध्यक्ष चन्द्रमान श्रेष्ठले बताए । घरसहित घरवारविहीनलाई दुई रोपनी जग्गा उपलब्ध गराउने व्यवस्था भएपनि उक्त व्यवस्था कार्यान्वयन हुन सकेको छैन ।

सुकुमवासी भएपनि आफ्नै घर वा छिमेकीको घरमा बस्न रुचाउने भएकाले स्थानीयले ती सरकारी घरहरुमा बस्न खासै रुची नदेखाएको वडा नम्बर ६ का वडाध्यक्ष कमलप्रसाद पौडेलले बताए। अध्यक्ष पौडेलले भने,'मान्छेहरू आफू बसेको घर झट्ट छोड्न नमान्दा रहेछन् । हामीले प्रयास गरियो, सुकुमवासी भएपनि घर छोड्न गाह्रो हुँदो रहेछ । सरकारी मापदण्डमा परेका परिवार निःशुल्क ती घरमा बस्न पाउँछन्। नेपाल सरकारको भूमिहीन सुकुमवासी र आवासविहीनलाई जग्गा र बास उपलब्ध गराउने संवैधानिक व्यवस्था अनुसार घरजग्गा उपलब्ध गराइन्छ ।'

ती घरहरुमा दुई वटा कोठा र एउटा भान्साकोठासहितको घरहरु अहिले सेवाको खोजीमा छन् । ती घरमा सदस्यसम्मको परिवार बस्न मिल्छ । छत्रदेव गाउँपालिकाका अध्यक्ष श्रेष्ठले भने,'मापदण्ड नपुगेका कारणले पनि घर बस्न आउनु भएको छैन । मापदण्ड पूरा हुन नसकेकालाई बसाल्ने कुरा भएन ।' उनले प्राकृतिक प्रकोपबाट पीडित भइ घरबारविहीन भएकालाई पनि समेट्ने प्रयास गरेको र यो कार्यक्रम प्रभावकारी हुन्छ भन्ने विश्वास गरेको प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले दाबी गरे ।

## अन्तर्राष्ट्रिय बागलुङ समाजद्वारा शैक्षिक सामग्री वितरण



**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १५ मंसिर

बागलुङको अमलाचौरस्थित सरंगीमा रहेको लक्ष्मीनारायण आधारभूत विद्यालयमा अध्ययनरत बालबालिकालाई शैक्षिक सामग्री तथा पोसाक वितरण गरिएको छ । अन्तर्राष्ट्रिय बागलुङ समाजको सहयोगमा उक्त विद्यालयमा अध्यनरत बालबालिकालाई शैक्षिक सामग्री तथा पोसाक वितरण गरिएको हो ।

समाजका उपाध्यक्ष भीम केसीले जिल्लास्थित विद्यालय पुगेर एक कार्यक्रमका बीच बालबालिकालाई शैक्षिक सामग्री तथा पोसाक वितरण गरेको संस्थाले जनाएको छ । विद्यालयमा अध्यनरत गरिब, जेहेन्दार तथा पिछडिएका माझी समुदायका ४५ जना बालबालिकालाई झोला, कापीकलम, जुत्ता, पोसाकलगायतका सामग्री सहयोग स्वरुप प्रदान गरिएको समाजका उपाध्यक्ष केसीले बताए ।

माझी समुदायका बालबालिकाको पठनपाठनमा थोरै भएपनि सहयोग पूगोस् भन्ने उद्देश्यले समाजले करिब १ लाख ५० हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री प्रदान गरेको उनले बताए ।

## कांग्रेसलाई पहिलो पार्टी बनाउने दाबी



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १५ मंसिर

नेपाली कांग्रेस अर्घाखाँचीका पूर्वसभापति कमल प्रसाद भुसालले गाउँ-गाउँमा गएर एकजुट भइ संगठन विस्तार र सुदृढीकरणमा लाग्न अगुवा कार्यकर्ताहरूलाई निर्देशन दिएका छन् ।

भुसालले पार्टीमा आफूबाट भएका कमी कमजोरी सच्याउँदै अघि बढ्न अनुरोध आग्रह गरेका छन् । पार्टीका अगुवा कार्यकर्ताले गल्ती गरेको भए त्यसबारेमा जिल्ला पार्टीलाई जानकारी गराउन आग्रह गर्दै उनले

सयदिने अभियानले पार्टीलाई बलियो बनाएर अगाडि बढ्ने बताए । भुसालले भने, 'पार्टीमा सबै नेताले आफ्ना गल्ती सच्चाउन पर्छ । संगठन मजबुद बनाउनु पर्छ । चुनावमा पार्टी पहिलो बन्नु पर्छ ।' कांग्रेस भूमिकास्थान नगरपालिका-९ ढिकुराले विपी स्मृति प्रतिष्ठान गैराकोटमा आयोजना गरेको एक सय दिने अभियानअन्तर्गत वृहत्त क्रियाशील सदस्यता वितरण कार्यक्रममा बोल्दै भुसालले भने, 'पार्टीभित्र मैले गल्ती गरेको छु र कमी कमजोरी भएका छन् भने सुधार गर्न तयार छु ।'

नेता भुसालले नेपालका हरेक आन्दोलनको नेतृत्व कांग्रेसले गरेको बताउँदै मुलुकमा उत्पन्न हरेक समस्याको समाधान खोज्न पनि कांग्रेस अग्रसर रहँदै आएको बताए । भुसालले सबै दलहरूसँग जिल्लामा सहमति, एकता र मेलमिलाप गरेर जिल्लाको विकास कांग्रेसको नेतृत्वमा गरिने बताए ।

कार्यक्रममा कांग्रेस भूमिकास्थान नगरपालिका-९ का सभापति तिर्थराज घिमिरेले संगठन निर्माणको अभियानका क्रममा सबैको घरदैलोमा पुगेर क्रियाशील सदस्यता वितरण गर्दै पार्टीलाई चलायमान बनाउने बताए । त्यसअवसरमा पुण्यप्रसाद घिमिरेको अध्यक्षतामा २१ सदस्यीय किसान महासघ र हिमकला खनालको अध्यक्षतामा १३ सदस्यीय महिला संघ ढिकुरा पनि गठन भएको छ ।

## मलाही टोलमा १ दिने निःशुल्क आँखा शिविर सम्पन्न



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ मंसिर

पूर्व विद्यार्थी समाज श्री सरस्वती माध्यमिक विद्यालय मलाहिटोलको पहलमा गरीब, दलित, महिला, मुस्लिम समुदायलाई लक्षित गरेर एक दिने निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । डाक फाउन्डेसनको आर्थिक सहयोग, नेपाल नेत्र ज्योति संघ, गौर आँखा अस्पतालको आयोजना, र स्थानीय आयोजक गरुडा आँखा अस्पताल, श्री सरस्वती मावि मलाहीटोलको पूर्व विद्यार्थी समाजको नेतृत्वमा एक दिने निःशुल्क आँखा शिविर सम्पन्न भएको हो ।

शुक्रबार बिहान ९ वजेदेखि सञ्चालन भएको शिविरमा २२४ महिला र २०१ पुरुष गरी जम्मा ४२५ जना सेवाग्राहीहरूले आँखाको परिक्षण गराएको आयोजक समितिले जनाएको छ ।

आँखा परिक्षण गराएका मध्ये १२६ जनालाई आउँदो मंगलबार, बुधबार र बिहीबार गौर आँखा अस्पताल पुरेनवामा निःशुल्क शल्यक्रिया गरिने भएको छ ।

शिविरमा आएका सेवाग्राहीलाई आयोजक संस्थाहरूले निःशुल्क रुपमा औषधि ४५ जनालाई, १२८ जनालाई चश्मा र लेन्ससहितको आँखाको निःशुल्क शल्यक्रिया १२६ जना तथा सहभागी सम्पूर्णलाई परामर्शसमेत दिएको थियो ।

सो कार्यक्रममा गौर आँखा अस्पताल पुरेनवाका डा. शिव कुमार यादव, लालबाबु साह, अमित दास, सुशिल पासवान सहित ९ जनाको प्राविधिक टोली, नेपाल नेत्र ज्योति संघ, गौर आँखा अस्पताल पुरेनवाको कार्यक्रम संयोजक सतेन्द्र पाण्डे, पूर्वविद्यार्थी समाजका इन्द्रजीत सहनी, शिवचन्द्र प्रसाद साह, अम्विका सहनी, साहेव सहनी, अमरुल आलम, विश्वन्नदन सहनी, विवेक सहनी, मुकेश शाह, जितेन्द्र सहनी, बालकृष्ण सहनीलगायत दर्जनौं स्वयमसेवकहरूले कार्यक्रममा सहजीकरण गरेको बताइएको छ ।

साथै शल्यक्रिया गर्न सकिने सेवाग्राहीलाई गौर आँखा अस्पतालसम्म जान आउन यातायातको निःशुल्क व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

# बाँकेको डुडुवामा निःशुल्क आँखा शिविर २५४ जनाले लिए सेवा

**पवन जयसवाल/मध्यान्ह**
नेपालगन्ज, १५ मंसिर

बाँकेको डुडुवा गाउँपालिका वडा नं.६ मा कोरी कल्याण समाज नेपालगन्ज बाँकेको आयोजनामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ ।

वडा नं. ६ वडा कार्यालय र नेपाल नेत्र ज्योति संघ बाँकेद्वारा सञ्चालित फत्तेवाल आँखा अस्पताल फुल्टेक्रा नेपालगन्जको सहकार्यमा शिविर सम्पन्न भएको हो ।

सरस्वती माध्यमिक विद्यालयको परिसरमा भएको शिविरमा १ सय ५ जना महिला र १ सय ४९ जना पुरुष गरी २ सय ५४ जनाको आँखा परीक्षण गरिएको छ ।

शिविरमा ३४ जनामा मोतिबिन्दु देखिएको छ । उनीहरुलाई फत्तेबाल आँखा अस्पतालमा शल्यक्रियाका लागि रिफर गरिएको समाजका उपाध्यक्ष जंगली प्रसाद कौलिक (जे.पी.कौलिक) ले बताए ।

शिविरमा फत्तेबाल आँखा अस्पतालका रेखा थारु, आरुती थारु, रबिना घर्ती, संगीता योगी, गंगा महत, सलिना चौधरीले प्राविधिकमा सहयोग गरेको विजय कोरीले बताए । कोरी कल्याण समाज बाँकेका अध्यक्ष रामशंकर माधवदास, उपाध्यक्ष जंगली



प्रसाद कौलिक (जे.पी.कौलिक), सचिव मिश्रीलाल कोरी, विजय कोरी, विशाल कौलिक, जिल्ला सदस्य भल्लु कोरी, राम बिलास कोरी, मनोज कोरी, लीला खत्री लगायतको सक्रियतामा निःशुल्क आँखाको शिविर सम्पन्न भएको हो ।

कोरी कल्याण समाज नेपालगन्ज बाँकेका अनुसार शिविरमा डुडुवा गाउँपालिका वडा नं.६ का भंघोटना, कालाबञ्जर, चौधरीपूर्वा, बल्दीपूर्वा, उधवपूर्वा, मुन्शपूर्वा, महन्तपूर्वा, अहिरापुर, पटवारीपूर्वा, कोरियनपुर, बकौली, सिक्खनपुर्वा, सुन्दरपुर, आसमानपुर, फकिरेपुर्वा, दशरथपूर्वा, भज्जपूर्वा, जंगलीसिंहपूर्वा लगायत गाउँबाट आँखाका रोगीहरुको आँखाको जाँच गराइ निःशुल्क औषधी प्राप्त गरेका छन् ।

आँखा शिविर बाहेक कोरी कल्याण समाज नेपालगन्ज बाँकेले स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आँखा तथा कानको शिविर आयोजना गरिएको समाजसेवी तथा गौरव स्मृति तथा वियोर सेल्फ फाउण्डेसनका संस्थापक प्रदीप शाहले बताए। जंगली प्रसाद(जेपी) कौलिकका अनुसार मोतीविन्दु भएका बिरामीको शल्यक्रिया गर्नका लागि ८ हजार रुपैयाँ लाग्नेछ । तर शिविरका मोतिबिन्दुका बिरामीले ५० प्रतिशत छुटमा शल्यक्रिया गर्न सक्नेछन् ।

## नलगाडमा उपनिर्वाचन
## १६ मतदान स्थल र २४ मतदान केन्द्र

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १५ मंसिर

जाजरकोट नलगाड नगरपालिकाको उपप्रमुख पदका लागि आइतबार हुने उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ। मतदान अधिकृत, कर्मचारी खटाउने, मतदान केन्द्रमा मतपेटिका, मतपत्र पुऱ्याउने काम सकिएको मुख्य निर्वाचन अधिकृत श्यामलाल घिमिरेले जानकारी दिए। उनका अनुसार यहाँ सुरक्षाको व्यवस्था कडा पारिएको छ। नलगाडमा १६ हजार ४ सय ४९ जना मतदाताले मतदान गर्ने अधिकृत घिमिरेले बताए । १६ मतदान स्थल र २४ मतदान केन्द्र तोकिएको छ ।

यहाँ उपप्रमुखका लागि ६ उम्मेदवार प्रतिस्पर्धामा छन्। कांग्रेसबाट इन्द्रा चन्द सिंह, एमालेबाट सुनिता बोहरा, माओवादीबाट देवका लामिछाने, राप्रपा नेपालबाट सुनिता पुन रावल, नेपाल समाजवादीबाट पवित्रा जैसी र राष्ट्रिय स्वतन्त्र पार्टीबाट पार्वती पुन रहेका छन् ।

२०७९ मा कांग्रेस-माओवादीबीच गठबन्धन भएको थियो । उक्त गठबन्धनको भागवण्डाअनुसार नगर प्रमुख माओवादीले पाएको थियो भने उपप्रमुख कांग्रेसको भाग परेको थियो । कांग्रेसबाट उपप्रमुखमा निर्वाचित भएकी सरिता सिंहले ५ हजार ४ सय ६ मत प्राप्त गरी एमालेका सुनिता बोहोरालाई हराएकी थिइन् । सिंहको २०८० कात्ति १७ गते जाजरकोटको रामिडाँडा केन्द्र बिन्दु भएर गएको ६.४ रेक्टर स्केलको भूकम्पमा परेर निधन भएको थियो ।

## सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने ऐन नियम संशोधन गर्न सुझाव

**काठमाडौं/मस**–राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने ऐन नियम संशोधनको लागि सरकारलाई सुझाव दिएको छ । आयोगले आर्थिक वर्ष २०८०/८१ को १६औं वार्षिक प्रतिवेदनमार्फत सूचनाको पहुँच बढाउन त्यससम्बन्धी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान कानुन संशोधनका लागि सुझाव दिएको हो ।

आयोगले सार्वजनिक निकायका पदाधिकारीलाई नयाँ कानुनअन्तर्गत कति सूचना खुला गर्ने, कति गोप्य राख्ने भन्ने निधो गर्न र सोअनुसन काम गर्न कठिनाइ भइरहेको भन्दै सुझाव दिएको जनाएको छ । सूचनाको हकसम्बन्धी कानुन समयसापेक्ष संशोधन र परिमार्जन गर्नुपर्नेमा आयोगले जोड दिँदै आएको छ । 'एउटा ऐनले सूचना दिनुपर्छ भन्छ भने अर्को ऐनले अनधिकृत रूपले सूचना सार्वजनिक गऱ्यो भने सजायको भागिदार हुन्छ भन्छ। यस्तो अवस्थामा कर्मचारी सूचना नदिनेतिर लाग्ने सम्भावना बढी हुन्छ । सजायको कुराले त्रास खडा गरेको छ', प्रतिवेदनमा भनिएको छ ।

आयोगले गत बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष १९ बुँदे सुझावसहितको प्रतिवेदन पेस गरेको थियो। सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनलाई प्रभावकारी बनाउन आयोगले आग्रह गरेको छ।

आयोगले अधिकांश राजनीतिक दलले नै सूचनाको हकसम्बन्धी कानुनको व्यवस्था पालना नगरेकाप्रति ध्यानार्कषण गराएको छ । राजनीतिक दलले सूचनाको हकसम्बन्धी कानुनबमोजिम सूचना अधिकारी तोक्ने, स्वतः प्रकाशन गर्ने र सूचना माग भएमा तत्काल उपलब्ध गराउने व्यवस्था कार्यन्वयन गर्न आयोगको सुझाव छ ।

आयोगले कतिपय सार्वजनिक निकायमा सूचना माग गर्नेमाथि नै दुर्व्यवहारदेखि ज्यानसमेत जोखिममा पार्ने काम भएको भन्दै सूचना मागकर्ताको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्न सुझाव दिएको छ। यस्तै मानव अधिकारका लागि काम गरिरहेका गैरसरकारी संस्थाले मानव अधिकारका अन्य विषयभन्दा सूचनाको हक स्थापित गर्ने काममा विशेष रूपमा सक्रिय हुनुपर्ने सुझाव दिइएको छ ।

# नेवा पुचः कतारको अध्यक्षमा जमुना सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १५ मंसिर

नेवाः देय् दबु केन्द्रद्वारा प्रवास शाखाका रूपमा पहिलो सम्बन्धन प्राप्त तथा कतारमा रहेका नेवार समुदायको साझा संस्था नेवा पुचः कतारको चौथो अधिवेशन खुला र बन्द सत्र गरी दुई चरणमा सम्पन्न भएको छ । शुक्रबार ग्राण्डमलमा अवस्थित लालीगुराँस रेस्टुरेन्टको सभा हलमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट जमुना श्रेष्ठ (भक्तपुर)को अध्यक्षतामा सर्वसम्मत रूपमा नयाँ कार्यसमिति चयन भएको छ ।



समितिको वरिष्ठ उपाध्यक्ष कैलाश श्रेष्ठ, उपाध्यक्षद्वय लक्ष्मण श्रेष्ठ र सृष्टि श्रेष्ठ, महासचिव विकास श्रेष्ठ, सचिवद्वय ओम कुमार श्रेष्ठ र रबिन कर्माचार्य, कोषाध्यक्ष अशोक श्रेष्ठ, सहकोषाध्यक्ष पर्शुराम श्रेष्ठ रहेका छन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा निरु श्रेष्ठ, सरिता श्रेष्ठ, अस्मिता महर्जन, अञ्जना श्रेष्ठ, राम सुन्दर श्रेष्ठ, समीर श्रेष्ठ, राम हरि श्रेष्ठ, देव नारायण नगरकोटी, गंगाप्रसाद श्रेष्ठ, विकास नानिचा श्रेष्ठ र सुवर्ण कुबेर श्रेष्ठ रहेका छन्। सर्वसम्मत चयन भएको समितिलाई निर्वाचन समितिका संयोजक किशोर महर्जनले पद तथा गोपनीयताको सपथ ग्रहण गराएका थिए ।

अधिवेशनको खुला सत्र पुचः कतारका अध्यक्ष राजु महर्जनको सभापतित्व तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष डी.एन. मगरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो। अधिवेशनलाई सम्बोधन गर्दै प्रमुख अतिथि मगरले नेपालमा सबैभन्दा पहिले नेवारहरूले नै संस्था स्थापना गरेको बताउँदै कतारमा पनि नेवा पुचः संस्कार संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै अगाडि बढिरहेकोमा खुसी व्यक्त गरे ।

नेवारी समुदायको पुरानो नृत्य कुमारी नृत्यमार्फत कोरियोग्राफर तथा नृत्यांगना सृष्टि श्रेष्ठले स्वागत नृत्य पेस गरेकी थिइन्। अधिवेशनमा विभिन्न कलाकारहरूले नेवारी तथा नेपाली भाषामा सांगीतिक प्रस्तुति दिएका थिए। कार्यकालभरि विभिन्न क्षेत्रबाट सहयोग गर्ने सहयोगी, कलाकारसहित नेपाल आदिवासी जनजाति महासंघ कतार मातहतका सबै मातृ संस्थाहरूलाई सम्मान गरिएको थियो । अधिवेशनमा न्यून संस्थाहरूलाई निमन्त्रणा गरिएको थियो भने मातृ संस्था प्रमुख तथा प्रतिनिधिहरूले शुभकामना मन्तव्य राखेका थिए ।

अधिवेशनको खुला सत्रको समापन गर्दै सभापति महर्जनले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबैमा आभार व्यक्त गरेका थिए। पुचःका वरिष्ठ उपाध्यक्ष राकेश श्रेष्ठले स्वागत मन्तव्य राखेको अधिवेशनलाई महासचिव कैलाश श्रेष्ठले सहजीकरण गरेका थिए ।

# ग्र्यान्ड महफिल तात्यो राधा, बिटु र रामका गजलले

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर ।



आज दिल यो चोर्ने जमर्को बढी छ दोष तिम्रो, मेरो नजरको बढी छ । अहिलेको समयकी लोकप्रिय गजलकार राधा कणेलले गजलका यी पंक्ति वाचन गरिरहँदा सर्वनाम थिएटरको हल तालीमय बनेको थियो । 'वाह ! वाह !!'ले गुन्जायमान हलमा करिब २०० जना श्रोता मन्त्रमुग्ध बनिरहेका थिए ।

तत्काल उनले अर्को शेर सुनाइन् : भन्नेहरू त भन्छन् तरबार भन्न लायक उनको नजर छ यौटा संसार भन्न लायक यस्ता दमदार भावसहितका करिब ३२ वटा पंक्ति अर्थात् ८ वटा गजल सुनाइन् राधाले ।

राधासँगै अन्य २ गजल स्रष्टा बिटु के. सी. र राम अविरल बिष्ट पनि दमदार ढंगले गुन्जिए ।

हरेक २ महिनामा हुँदै आएको ग्र्यान्ड महफिलको सिजन- २ १३औं शृंखला शनिबार सम्पन्न भएको छ । काठमाडौंको सर्वनाम थिएटरमा सम्पन्न महफिलमा यस पटक गजलकारहरू राधा कणेल, बिटु के. सी. र राम अविरल बिष्ट प्रस्तुत भए ।

गजलकार तथा अभियन्ता बाबु त्रिपाठीले सहजीकरण गरेको महफिलमा हरेक गजलकारले ८/८ वटा गजल प्रस्तुत गरेका थिए । प्रस्तुत गजलका हरेकजसो शेरमा उपस्थित श्रोताको ठूलो संख्याले 'वाह ! वाह !!' गरेको थियो ।

बाटो काट्यौं बाटोले आँगन काट्यो अनि देश काट्ने औंलाले रिबन काट्यो

गजलकार बिष्टले यस्ता करिब ३ दर्जन शेर सुनाए । उनका शेरमा समसामयिक विषय बढी देखिन्थ्यो । व्यंग्यमा तीव्रता र असन्तुष्टि रहेका शेर निकै सुन्दर थिए ।

अर्की गजलकार के. सी. यसरी बोलिन् आफ्ना शेरहरूमा : आधा बाटो तय अब आधा हेर्नु छ जिन्दगी ! तेरो पनि इरादा हेर्नु छ

समसामयिक, राजनीतिक-सामाजिक विसंगतिमाथि प्रहारसँगै शृंगारका दुवै रस संयोग तथा विप्रलम्भमा लेखिएका गजलहरू सुनेर श्रोताका कान र रौं ठाडा बनेका थिए ।

लामो समयदेखि गजल साधना गरिरहेका तीनै जना स्रष्टाले गजल प्रस्तुत गरिरहँदा हलमा देखिएको उत्साहले अब नेपाली गजलले नयाँ मार्ग खोजिरहेको आभास दिन्थ्यो ।

गजललाई लोकप्रिय बनाउन र आममान्छेबीच पुर्‍याउन महफिलले खेलेको भूमिका अतुलनीय रहेको सहभागीहरूले बताए ।

कार्यक्रममा कवि दीप दर्पणको नवीनतम कविता कृति 'एक्लो पृथ्वी, एक्लो मान्छे'माथि परिचर्चा गरिएको थियो । कवि दर्पणले उक्त कृति आफ्नो समयको प्रतिबिम्ब भएको र आफ्नो कृति कसैको प्रतिस्पर्धी नभएको बताए ।

# 'साली हो भाटु हो' सार्वजनिक



**काठमाडौं/मस–** गायक समीर आचार्य र गायिका अन्नु चौधरीको स्वरमा 'साली हो भाटु हो' गीत सार्वजनिक भएको छ । शनिबार रिलिज गीतलाई नेपमेलोले प्रस्तुत गरेको हो ।

गायक आचार्यकै शब्द रहेको गीतमा केशव बडूको संगीत छ । यसमा नेपाली र थारू भाषाको मिश्रण छ । भिडियोमा पनि थारू समुदायको रहनसहन र कला, संस्कृतिलाई समेत झल्काउन खोजिएको छ । चक्र बम, उषा उप्रेती र सृजन खरेल भिडियोमा फिचर्ड छन् ।

जेरी भण्डारीको कोरियोग्राफी तथा निर्देशनमा भिडियो बनेको हो । यसमा नवराज उप्रेतीको छायांकन र मिलन विश्वकर्माको सम्पादन छ ।

# 'जन्ते बाख्रो'को मुख्य अभिनेत्रीमा गरिमा



**काठमाडौं/मस–** फिल्म 'जन्ते बाख्रो'को मुख्य अभिनेत्रीमा गरिमा शर्मा अनुबन्धित भएकी छन् । निर्माता र अभिनेत्री शर्माबीच शुक्रबार लिखित समझदारी भएको छ ।

डेब्यु फिल्म 'लन्डन टु पेरिस' र दोस्रो फिल्म 'ह्रस्व दीर्घ'मा सहायक अभिनेत्री भएर काम गरेकी उनले अब 'जन्ते बाख्रो'मा मुख्य अभिनेत्रीको रूपमा काम गर्ने छन् । अडिसनबाट छनोट भएपछि गरिमालाई फिल्ममा अनुबन्धित गरिएको हो । अब फिल्ममा उनको जोडी अभिनेताद्वय सौगात मल्ल र आसिफ शाहसँग बाँधिने छ ।

सिमोस सुनुवारले निर्देशन गर्ने फिल्ममा प्रदीप भारद्वाजको लेखन छ । मुइन इन्टरटेनमेन्टको प्रस्तुति रहने 'जन्ते बाख्रो' कमेडी कथावस्तुमा बन्न लागेको हो । बेहुली भित्र्याउने दिन जन्तीलाई खुवाइने भोजलाई जन्ते बाख्रो भन्ने चलन छ । कथावस्तु यसमा आधारित हुने निर्माण टिमले जनाएको छ ।

फिल्मको निर्मातामा सन्तोष गौतम छन् । आगामी १ पुसदेखि छायांकन सुरु हुन लागेको फिल्मको यही २० मंसिरदेखि वर्कसप गरिँदै छ ।


## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, हरिवन शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०८/१६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| लाहुरे ब्लोनको छोरी, चन्द्र बहादुर वाईवाको श्रीमती, सर्लाही जिल्ला, वरहथवा गा.वि.स/न.पा शान्तीपुर वडा बस्ने **हिरामाया वाईवा**-१ तथा लाल बहादुर वाईवाको नाती, चन्द्र बहादुर वाईवाको छोरा, सर्लाही जिल्ला, राजघाट गा.वि.स/न.पा वडा नं. ४ बस्ने **सोम बहादुर वाईवा**-१ समेत २ जना |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** |
| राजमान वाईवाको नाती, लाल बहादुरको छोरा, सर्लाही जिल्ला, वरहथवा गा.वि.स/न.पा शान्तीपुर वडा बस्ने **चन्द्र बहादुर वाईवा** |
| लाल बहादुर वाईवाको नाती, चन्द्र बहादुर वाईवाको छोरा, सर्लाही जिल्ला, राजघाट गा.वि.स/न.पा वडा नं. ४ बस्ने **ज्ञान बहादुर वाईवा** |
| सन्चरमान घिसिङ तामाङको छोरी, सोम बहादुर वाईवाको श्रीमती, सर्लाही जिल्ला, वागमती न.पा. वडा नं. ६ बस्ने **लक्ष्मी माया घिसिङ** |
| **धितो सुरक्षणको विवरण :** |
| **१. सोम बहादुर वाईवाको** नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, राजघाट गा.वि.स/न.पा शान्तीपुर वडाको कित्ता नं. ५०५ को ०-८-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| **२. हिरामाया वाईवाको** नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, राजघाट गा.वि.स/न.पा शान्तीपुर वडाको कित्ता नं. २५९ को ०-९-१० १/२ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०८/१६ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले न्युरोड शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८१/०१/०४ गते नागरिक दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना तथा मिति २०८१/०३/११ गते नयां पत्रिका राष्ट्रिय दैनिकमा धितो लिलामी गर्ने बारे ३५ दिने सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम :श्री संकटा बचत तथा ऋण सहकारी संस्था लि.।**
**रजिष्टर्ड ठेगाना : का.म.पा.-२२ पुरानो भंसार काठमाण्डौं ।**
**हालको ठेगानाः का.म.न.पा.-२२ काठमाण्डौं** — **दर्ता नंः : ६०१**

| संचालक तथा जमानीकर्ताको विवरण | |
|---|---|
| **१) नाम : उत्तम बहादुर सिंह (अध्यक्ष जमानीकर्ता )**<br>बाबु : डा रुद्र बहादुर सिंह<br>बाजे : जित बहादुर सिंह<br>ना प्र नं. : २५९/९८९/११४<br>ठेगाना : का.म.न.पा.-३०, काठमाण्डौं | **२) नाम : बिन्देश्वर श्रेष्ठ (सचिव जमानीकर्ता)**<br>बाबु : पुरुषोत्तम प्रसाद श्रेष्ठ<br>बाजे : भैरव बहादुर श्रेष्ठ<br>ना.प्र.नं : ८१०६<br>ठेगाना : काठमाण्डौं-२२, काठमाण्डौं |
| **३) नाम : बिकास सुवाल महर्जन (संचालक जमानीकर्ता)**<br>बाबु : तरिभाई महर्जन<br>बाजे : कालु सिंह<br>ना.प्र.नं : १२५१४<br>ठेगाना : काठमाण्डौं-२२, काठमाण्डौ | **४) नाम : प्रविनमान सिंह (संचालक जमानीकर्ता)**<br>बाबु : पुर्णमान सिंह डंगोल<br>बाजे : बेखा नारायण महर्जन<br>ना.प्र.नं : ११५६<br>ठेगाना : काठमाण्डौं -२२ काठमाण्डौं |
| **५) नाम : लक्ष्मी मानन्धर (संचालक)**<br>बाबु : भाईराम मानन्धर<br>बाजे : बुद्धि नारायण मानन्धर<br>ना.प्र.नं : १५१५९/१२०२/७३५६<br>ठेगाना : का.म.न.पा.-१७, काठमाण्डौं | **६) नाम : रिना देवी श्रेष्ठ (संचालक)**<br>बुवा : मेहर बहादुर श्रेष्ठ<br>बाजे : मान बहादुर श्रेष्ठ<br>ना.प्र.नं : ६५९/४०५०/११८८३<br>ठेगाना : का.म.न.पा.-२० काठमाण्डौं |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१.काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २२ स्थित श्री संकटा बचत तथा ऋण सहकारी संस्था लि. को नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २१ को कित्ता नं.११५७ को क्षेत्रफल १७४.८८ ब.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय न्युरोडबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं. **००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै न्युरोड शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैकको शाखा कार्यालय न्युरोडमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम दिनको कार्यालय समयभित्र सम्बन्धित ऋणी वा धितोवालाले बैकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सकिने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेका धितोहरु आशिंक रुपमा पनि लिलाम गर्न सकिने छ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National Co-operative Bank Limited (NCBL) | राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पोखरा
**सालझण्डी – सन्धिखर्क – ढोरपाटन सडक योजना**
सन्धिखर्क, अर्घाखाँची

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मितिः २०८१/०८/१६**

यस योजना कार्यालयको बोलपत्र आह्वानको सूचना नं. SSDRP/01/081/82 अनुसार न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही तपसिलको ठेक्का नम्बरको बोलपत्र स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा दफा ४७ प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदताहरुको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | बोलपत्र स्वीकृतिको लागि छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस. समेत) |
|---|---|---|---|---|
| 1 | SSDRP/ 337011384 /081/82/01 | Upgrading/Improvement of Road by Construction of Drain and Rigid Pavement Works at Ch:159+280 to Ch:160+900, DeuraliDandakateri Section along RidiBalkot-Hansapur-Pyuthan, Pyuthan-Surkhet Road (NH 19) | Naya Nepal Nirman Sewa, Malarani -04, Arghakhanchi | 1,03,61,776.58 |
| 2 | SSDRP/ 337011064 /081/82/02 | Road maintenance, Road marking,Traffic Safety and Landslide Clearance works at Balebang-Phudbang Road Section (Ch:58+000 to Ch:67+000) and Rubdi Bridge-Mate Road section(Ch:70+600 to Ch:74+600) along Saljhandi-Sandhikharka-Dhorpatan Road (NH-52) | Aayan construction Pvt. Ltd., Gokarneshwor-9, kathmandu | 44,76,044.35 |

योजना प्रमुख



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०८/१६**

**नेपाल हस्पिटालिटी ईष्टिच्युट अफ ट्रेनिङ एण्ड मेनेजमेन्ट प्रा.लि.** को २०८१/०१/०२ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल ट्रेनिङ एण्ड सर्टिफिकेशन कपोरेशन प्रा.लि. (प्रा.लि. नं.: १२४५६३)** कायम गर्ने गरी मिति २०८१/०१/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल प्रिमियर लिग

# विराटनगरलाई हराउँदै जनकपुरको विजयी सुरुवात

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर



नेपाल प्रिमियर लिग (एनपीएल)मा जनकपुर बोल्ट्सले विजयी सुरुवात गरेको छ । कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा शनिबार भएको उद्घाटन खेलमा जनकपुरले विराटनगर किंग्सलाई ८ विकेटले पराजित गर्दै विजयी सुरुवात गरेको हो ।

टस हारेर पहिला ब्यटिङ गरेको विराटनगरले १९ ओभरमा सबै विकेट गुमाएर एक सय २७ रन बनाएको थियो एक सय २८ रनको विजयी लक्ष्य जनकपुर बोल्ट्सले १५ दशमलव तीन ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो ।

जनकपुर बोल्ट्सका लागि विदेशी खेलाडी लाहिरु मिलन्थाले अर्धशतक पारी खेले । उनले ५३ बल खेल्दै नौ चौका र तीन छक्काको मद्दतमा ७५ रन बनाए । यस्तै विदेशी खेलाडी हर्ष थाकेरले अविजित रहँदै २९ रन जोडे । यस क्रममा उनले ३३ बल खेल्दै दुई चौका प्रहार गरे । कप्तान अनिलकुमार साहले पाँच रनको योगदान दिए । आशिफ शेख शून्य रनमै पवेलियन फर्किए ।

बलिङतर्फ विराटनगरका लागि विदेशी खेलाडी क्रिस सोले र प्रतिश जिसीले एक/एक विकेट लिए । विराटनगरले जनकपुर बोल्ट्सलाई २२ रन अतिरिक्त दिएको थियो ।

त्यसअघि पहिला ब्याटिङ गरेको विराटनगरले १९ ओभरमा सबै विकेट गुमाउँदै १२७ रन बनाएको थियो । विराटनगरका लागि विदेशी खेलाडी मार्टिन गप्टिलले अर्धशतक पारी खेले । उनले ४३ बल खेल्दै एक छक्का सात चौकाको मद्दतमा ५५ रन बनाए । यस्तै अकिब इलियासले १५, निकालेस किर्तनले ९, लोकेश बलमे ५ तथा बसिर अहमद, सन्दीप लामिछाने र अनिल खरेलले समान ७/७ रन बनाए ।

बलिङतर्फ जनकपुर बोल्ट्सका लागि ललितनारायण राजवंशीले सर्वाधिक ३ विकेट लिए । यस्तै किशोर महतो र हर्ष थाकरेले समान २/२ तथा मोहमद मोहसिन र बेन माइकले समान १-१ विकेट लिए । खेलमा जनकपुर बोल्ट्सका विकेट किपर ब्याटर लाहिरु मिलन्था प्लेयर अफ द म्याच भएका छन् । उप निर्वाचनका कारण एनपिएलमा आइतबार कुनै पनि खेल हुने छैन । सोमबार भने २ खेल हुनेछन् । सोमबार पहिलो खेल काठमाडौं गुर्खाज र चितवन राइनोज तथा दोस्रो खेल जनकपुर बोल्ट्स र कर्णाली याक्सबीच हुनेछ ।

### आइतबारका खेल

**बिहान ९:१५ बजे :**
काठमाडौं गुर्खाज भर्सेस चितवन राइनोज

**दिउँसो १:१५ बजे :**
जनकपुर बोल्ट्स र कर्णाली याक्स

# विश्वराम र अस्मिता पहिलो



**काठमाडौं/मस–** चाणक्य कलेजका विश्वराम कुँवर र लालीगुराँस नेसनल एकेडेमीकी अस्मिता भुजेल बैकुण्ठ मानन्धर अन्तरविद्यालय ५ किलोमिटर दौड प्रतियोगितामा शनिबार पहिलो भएका छन् । प्लस टुको छात्रमा विश्वराम तथा छात्रामा अस्मिता पहिलो भएका हुन् ।

विश्वरामले निर्धारित दूरी १८ मिनेट ०४.५ सेकेन्डमा पूरा गरे । नव प्रभातका तयाहाङ राई दोस्रो तथा त्रिवेणी पब्लिकका अमृत विश्वकर्मा तेस्रो भए । अस्मिताले दूरी तय गर्न २१ मिनेट ३२.७ सेकेन्ड समय खर्चिन् । लालीगुराँसकै भगवती खड्का दोस्रो तथा एभरेष्टकी स्वस्तिका तिरुवा तेस्रो भए ।

दक्षिण एसियाली खेलकुद (साग)का कीर्तिमानी धावक बैकुण्ठ मानन्धरको नाममा स्थापना गरिएको बैकुण्ठ मानन्धर खेलकुद नेपालद्वारा आयोजित प्रतियोगिताको कक्षा ८ देखि १० सम्मको छात्रमा ब्राइट होराइजनका हस्त सुनार १८ मिनेट १७.२ सेकेन्ड समयसाथ शीर्ष स्थानमा रहे । सरस्वतीका नमराज बानियाँ दोस्रो तथा महेन्द्र ग्रामका सन्तोष कार्की तेस्रो भए । सो स्पर्धाको छात्रामा लालीगुराँसकी शर्मिला विकले स्वर्ण जितिन् । शर्मिलाले २३ मिनेट ०२.३ सेकेन्ड समय लगाइन् । श्रीकृष्णकी प्रमिशा कार्की दोस्रो तथा श्रीकृष्णकै अस्मिता गोले तेस्रो स्थानमा रहे ।

भेट्रान पुरुष ६५ वर्षमाथि रामकृष्ण महर्जनले स्वर्ण, पुष्पलाल श्रेष्ठले रजत र कुमुदराज श्रेष्ठले कांस्य जिते । पुरुष ५६ देखि ६५ वर्षमा महर्जनत्रय देव, विक्रम र रामभक्त क्रमशः शीर्ष तीन स्थानमा रहे । ४५ देखि ५५ वर्षमा भीमबहादुर गुरुङ प्रथम, राजु भण्डारी द्वितीय र रामचन्द्र श्रेष्ठ तृतीय भए । भेट्रान महिलामा कृष्णेश्वरी सिन्तकला पहिलो, सर्मिला बस्नेत दोस्रो र कल्पना महर्जन तेस्रो बने ।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, मदन भण्डारी स्पोर्ट्स एकेडमीका अध्यक्ष ध्रुव आचार्य, आयोजक संस्थाका अध्यक्ष बैकुण्ठ मानन्धर, मदन भण्डारी स्पोर्ट्स एकेडमीका केन्द्रीय सचिवालय सदस्य नन्दु काउछालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

विभिन्न १० स्पर्धा समावेश दौडमा करिब ६ सय ५० प्रतिस्पर्धी सहभागी थिए । सबै स्पर्धामा नगद पुरस्कार राखिएको थियो । दौड त्रिपुरेश्वरस्थित दशरथ रंगशालाबाट सुरु भइ दशरथ रंगशालामै आएर टुंगिएको थियो । समापनका अवसरमा एथलेटिक्स परिवार नेपालका अध्यक्ष राजन खत्रीलाई खेलकुदको विकास र विस्तारमा योगदान पुऱ्याएवापत सम्मान गरिएको थियो ।


## चेक बुक हराएको सूचना

विगत लामो समय देखी मेरा निम्न लिखित चेकहरू हराइरहेको हुनाले उक्त चेक बुक भेट्टाउने महानुभावहरूले नजिकैको प्रहरी कार्यालयमा बुझाउनु हुन विनम्र अनुरोध गर्दछु ।

**चेक नम्बरहरु**

| S. N. | Bank | Account-Numbers | Missing cheques. |
|---|---|---|---|
| 1 | Global IME Bank. | 6107010002470 | 17442987, 28198984 & 28198986 |
| 2 | Himalayan Bank. | 11610435575018 | 7050062, 7050065, 7050072, 7050073, 7050074 & 27050075 |
| 3 | Agricultural Development Bank. | 0212701130958018 | 4788390 देखी 4788394 सम्म 4788285, 4788291, 4788458, 4788459, 4788469, 4789967 4789970, 4789971, 4789973, 4789978, 4789979, 4789980 4789985, 4789986, 4789988 |
| 4 | Prime Commercial Bank. | 12801000000042718764 | |

## साउदीमा रोजगार

कम्पनी : SULTAN FOOD COMPANY FOR FAST FOOD — शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८१/०८/१४ — चलानी नं.: ६०२२८९२२ — LT. No.: 314611

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Tools Cleaning Worker | 2 | 0 | | 1000 | ३५,९१० | | | | | | | |
| 3. | Kitchen Worker | 10 | 0 | | 1000 | ३५,९१० | | | | | | | |
| 4. | Packaging Workers | 10 | 0 | | 1000 | ३५,९१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, लाजिम्पाट, काठमाडौंमा २०८१ मंसिर २३ गते (8 December 2024) मा हुनेछ

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GSO — Lic. No: 756/064/065
GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940 (6 Lines), Web: gso@grandshikhar.com

## UAE मा रोजगार

NKD CARPENTRY AND FLOORING CONTRACTING LLC
पूर्व स्वीकृति मिति: २०८१/०८/१३ — चलानी नं.: ६०२२८८१९ — LT No. 314035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | LABOUR | 4 | | 800 | २९,०००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

GCD CLEANING SERVICES LLC — पूर्व स्वीकृति मिति: २०८१/०८/१२ — चलानी नं.: ६०२२८८२० — LT No. 314459

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Asst. Telecom Technician | 2 | 0 | काममा दक्ष | 1000 | ३६,७००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cleaner General | 1 | 0 | | 800 | २९,०००/- | | | | | | | |
| ३. | Sales Clerk | 2 | 0 | | 1200 | ४४,०००/- | | | | | | | |

अन्तरवार्ता २०८१ मंसिर २३ गते (8 Dec., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.
(श्रम इजाजत नं.: ५१९/०६१/०६२)
सिनामंगल काठमाण्डौ, फोन नं.: ४९८४३३९, ९८४१०३९३१८

## Saudi/Oman/Kuwait मा रोजगार

Daja Salman Al Leef Contracting Company one person, Saudi
पूर्व स्वीकृती मिति: २०८१/०८/१४ — चलानी नं. : ६०२२८९२८ — LT No.: 314518

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 4 | 0 | काममा दक्ष | 1000 | ३६,०००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Maryam Al Sinani Trading, Oman — पूर्व स्वीकृती मिति: २०८१/०८/१२ — चलानी नं. : ६०२२८९२९ — LT No.: 314389

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hair Stylist (F) | 0 | 2 | काममा दक्ष | 170 | ५९,५००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

The Corn Club Catering Company, Kuwait — पूर्व स्वीकृती मिति: २०८१/०८/११ — चलानी नं. : ६०२२८९३० — LT No.: 314336

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Cleaners | 5 | 0 | काममा दक्ष | 120 | ५२,५००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ मंसिर २३ गते (8 Dec.,2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com


# Bheemdatt Municipality
# Office of Municipal Executive

**Sudurpaschim Pradesh**
**Kanchanpur**

## Request for Quotation

**for Hiring A Firm For Skills Development Training**
**(Date Of First Publication: 1st Dec. 2024 A.d. (2081/08/16 B.S.)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Bheemdatt Municipality, Kanchanpur District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for Hiring a Firm for Skills Development Training in LL.
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ).
3. Bheemdatt Municipality, Kanchanpur District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in LL (Proc Ref no. 20/BMP/PMEP /2081/082-RFQ-01) | 1000.00 | 2081/09/01 (Upto office hour) | 2081/09/02 (Upto 12:00 PM) | 2081/09/02 (2:00 PM) |

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized.
8. Bidder Should Deposit the cost of bidding document in the office's revenue account:
   Name of bank : Rastriya Banijya Bank Limited, Mahendranagar, Kanchanpur
   Name od Account : Bheemdatt Municipality,
   Office of Municipal Executive Rajashawo (Revenue) Account No. : 4180100301010002
   Or cost of bidding document can be Deposit at the office's revenue Section of Bheemdatt Municipality Office
9. The Bheemdatt Municipality, Kanchanpur reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
10. For Quotation Document and other information please consult to the below website address.

**Website** : **https://bheemdattamun.gov.np/**
**Address** : **Bheemdatt Municipality**
**Address** : **Kanchanpur**
**Telephone No** : **+977-99521322**

# आर्थिक

www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०

१६ मंसिर २०८१, आइतबार
1 December 2024, Sunday



# 'चीनका मुख्य शहरबाट पर्यटक ल्याउने रणनीति बनाउनुपर्छ'

प्रधानमन्त्री केपी शर्मा ओली १७ देखि २० मंसिरसम्म चीनको औपचारिक भ्रमणमा जाँदै छन् । प्रधानमन्त्रीस्तरीय भ्रमणमा नेपाल र चीनबीच आर्थिक विकासका एजेन्डा र आपसी सहयोगको विषयमा छलफल र केही समझदारी हुने अपेक्षा गरिएको छ । 'बेल्ट एन्ड रोड इनिसियटिभ' (बीआरआई) परियोजनाबाट अनुदान मात्र लिने नेपालका सत्तारुढ दलले निर्णय गरेका छन् । प्रस्तुत छ, समसामयिक तथा चीन र नेपालबीचको व्यापारको आयात-निर्यातको अवस्थालाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा नेपाल-चीन चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष **राजेशकाजी श्रेष्ठ**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**राजेशकाजी श्रेष्ठ**
**निवर्तमान अध्यक्ष, नेपाल-चीन चेम्बर अफ कमर्स एन्ड इन्डष्ट्रिज**

**प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणमा २ देशबीचको आर्थिक समृद्धिका लागि कस्ता एजेन्डा उठाउनुपर्छ ?**

नेपाल र चीनबीच लामो समयदेखि आर्थिक सम्बन्ध कायम रहँदै आएको छ । २०१२ सालदेखि २ देशबीच कूटनीतिक सम्बन्ध कायम भएको थियो । कूटनीतिक सम्बन्ध विस्तार भएको लामो समय हुँदा २ देशबीचको सम्बन्धसमेत विस्तार भएको छ । अहिले प्रधानमन्त्रीको भ्रमण हुँदै गर्दा नेपाल र चीनबीचको व्यापार घाटा बढिरहेको छ । २ देशबीचको व्यापारका लागि नयाँ ढंगबाट कसरी लैजाने भन्ने विषयमा छलफल हुन आवश्यक छ ।

आयात र निर्यात दुवैका लागि क्वारेन्टाइनको व्यवस्था नभएकाले नेपालमा आयात सहज भए पनि निर्यातमा धेरै नै असहज छ । कृषि, जडीबुटी, फलफूलका लागि आउने वा जाने राम्रो व्यवस्था भएको क्यारेन्टाइन भएको खण्डमा २ देशबीच आर्थिक व्यापार विस्तार अझ मजबुत हुन सक्छ ।

**२ देशबीचको व्यापार विस्तारका लागि कस्ता प्रयासहरू अघि बढाउनुपर्ने देख्नुहुन्छ ?**

नेपालले व्यापार घटाउनका लागि उत्पादन निर्यात भन्दा पनि पर्यटक, जडीबुटीतर्फ केन्द्रित हुन आवश्यक छ । हाम्रोमा उत्पादन हुने महत्त्वपूर्ण जडीबुटी प्रशोधन गरेर निर्यात गर्न सकिन्छ । उत्तरी नाकाबाट आउने चिनियाँ पर्यटकहरूलाई सहज रूपमा नेपाल आउने वातावरण बनाउन आवश्यक छ । अहिले नेपालसँगको व्यापार घाटा बढ्दो छ, त्यसलाई रोक्नका लागि अहिलेदेखि सरकारी तहमा अग्रसरता देखिन्छ ।

**नेपाल र चीनबीचको व्यापार घाटा घटाउनका लागि कस्तो रणनीति आवश्यक छ ?**

नेपालले निर्यात गर्ने धेरै उत्पादन अहिले छैन । तर, चीनबाट आयात घटाउनका लागि आन्तरिक उत्पादन नै बढाउने हो । त्यसका लागि चिनियाँ लगानी भित्र्याएर स्वदेशमै लगानीको वातावरण बनाउन आवश्यक छ । चीनबाट आयात गरेअनुसार पर्यटन र जडीबुटी प्रशोधन गरेर नेपालबाट चीनमा निर्यात गर्ने हो भने २ देशबीच आर्थिक सम्बन्धलाई दीर्घकालीन रूपमा अगाडि बढाउन सकिन्छ ।

**नेपाल र चीनको अर्थ व्यापारको विस्तारका लागि के आवश्यक छ ?**

नेपाल र चीनबीचको व्यापार विस्तारका लागि २ देशबीचको सम्बन्धको विस्तार नै मुख्य हो । २ देशका व्यवसायीबीचको सम्बन्धको कारणसमेत अहिले व्यापार विस्तार भइरहेको छ । नेपालको नीति ठीक भए मात्र हाम्रो व्यापार विस्तार हुन्छ ।

सरकारले अर्थ व्यापारमा निर्यात वा आयातमा भएको समस्या नै अहिको मुख्य समस्या हो । २ देशबीच व्यापार गर्ने वातावरण बनाउनु नै पहिलो कुरा हो । व्यवसायीलाई नीतिगत रूपमा नेपालबाट निर्यात गर्ने वस्तुहरूमा सहजता गराउने र आयात हुँदासमेत सहजता गराउन आवश्यक छ । कानुन नै बनाएर २ देशबीच लगानीमैत्री वातावरण बनाएर चिनियाँ लगानीलाई विस्तार गर्न सकिन्छ ।

**चीन र नेपालबीचका व्यापारिक नाकाहरूलाई व्यवस्थित गर्न के गर्नुपर्छ ?**

अहिले चिनियाँ पक्षले बीआरआईलाई प्राथमिकता दिएको छ । नेपालले सो सम्बन्धमा आफ्नो रणनीति बनाइरहेको छ । चीनले पनि नेपालमा सामान ल्याउने बाटोमा भौतिक पूर्वाधारमा ध्यान दिन आवश्यक छ । चीनको नाकासम्म आउने सवारी साधन कन्टेनर भन्सारसम्म नै आउने वातावरण बनाउन सकिन्छ । अहिले कन्टेनरको मूल्य महँगो छ । चिनियाँ कन्टेनर भन्सार र ड्राइपोर्टसम्म ल्याउन सक्ने हो भने सामानसमेत बिग्रिँदैन, छिटो पनि हुन्छ ।

**नेपालले चिनियाँ पर्यटक ल्याउनका लागि कसरी लाग्नुपर्ने देख्नुहुन्छ ?**

नेपालको पर्यटनका लागि चीन ठूलो सम्भावना भएको क्षेत्र हो । चीनको कुल जनसंख्याको १ प्रतिशतलाई मात्र नेपाल घुमाउन सक्ने हो भने पर्यटन क्षेत्र फस्टाउन सक्छ । अहिले पनि नेपालमा चिनियाँ पर्यटक आउन चाहिरहेका छन् । तर, हवाई टिकट महँगो हुँदा कम आइरहेका छन् । त्यसलै नेपालमा चीनका मुख्य स्थान बेइजिङ, सांघाईलगायतका स्थानबाट सिधा हवाई उडान गर्न सकियो भने ठूलो संख्यामा चिनियाँ पर्यटक नेपाल आउन सक्छन् ।

चाइजिज एयरलाइन्सहरूले टिकटहरू सस्तो गराउने हो भने पनि नेपाल चिनियाँ पर्यटकका लागि नजिकको गन्तव्य हुन सक्छ । चिनियाँ एयरलाइन्सले अरू देशको उडान गर्न निकै सस्तो फेयरमा काम गरिरहेका हुन्छन् । तर, नेपालमा आउन हवाई टिकट महँगो छ ।

होटलमा निजी क्षेत्रको लगानी बढ्दा ४० लाख पर्यटक नेपालमा सहज रूपमा बस्न सक्ने अवस्था छ । त्यसैले अब भौतिक पूर्वधारमा सडक र हवाई सेवालाई सहज बनाउने हो भने चिनियाँ पर्यटक ल्याउन निकै सहज छ । नेपालमा आउन संसारका मानिसहरू मोहित छन् तर टिकट महँगो हुँदा ती पर्यटकहरू अन्य देशमा गएका छन् ।

# 'साख मूल्यांकनको नतिजालाई अवसरमा बदलौं'

काठमाडौं/मस - नेपालले पहिलो पटक गरेको सार्वभौम साख मूल्यांकन (सोभरेन क्रेडिट रेटिङ) बाट प्राप्त गरेको नतिजालाई अवसरमा बदल्नुपर्ने सरोकारवालाले बताएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन)को २८औं वार्षिकोत्सवका अवसरमा शनिबार काठमाडौंमा आयोजित अर्थतन्त्रको प्रबन्धन विषयक अन्तरक्रियामा बोल्दै आर्थिक क्षेत्रसँग सम्बन्धित सरोकारवालाले सार्वभौम साख मूल्यांकनबाट नेपालले डबल बी माइनस नतिजा पाएको र यो उत्साहजनक रहेको भन्दै यसबाट लाभ लिनुपर्ने बताए । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको सार्वभौम साख मूल्यांकनबाट पाएको नतिजा नेपालका लागि गौरवको विषय रहेको बताए । नेपाल दक्षिण एसियामा भारतपछि दोस्रो स्थानमा रहेको भन्दै उनले यो सम्भावनालाई नतिजामा बदल्नु आवश्यक रहेको बताए ।

सरकारलाई गर्ने आलोचनाको अन्तर्यमा निकास भेटिने भन्दै उनले निरपेक्ष रूपमा मात्र आलोचना नगर्न सुझाव दिए । उनले भने, 'यो सरकार बनेदेखि आजसम्म आइपुग्दा अर्थतन्त्रमा समस्या थपिएका छन् भने त्यसको जिम्मा म लिन्छु, राम्रो भएको भए जस यो सरकारलाई चाहिँदैन ।' उनले बिरासतमा अत्यन्तै गम्भीर समस्याको चाङ प्राप्त गरेको भन्दै समस्याको बीचमा रहेर काम गर्ने प्रयास गरेको बताए । यसबीचमा सकारात्मक सुधार र संकेत देखा परेको उनको दाबी छ । निजी क्षेत्रको मनोवल उकास्न व्यावसायिक वातावरण बन्नुपर्ने र राजनीतिक अस्थिरता त्यसको बाधक रहेको उनले बताए ।




'राजनीतिक अस्थिरताले मुलुकलाई कहालीलाग्दो अवस्थामा पुर्याउँछ, त्यस अवस्थामा अर्थतन्त्रमा उल्लेखनीय समस्या समाधान गर्न सक्दैनौं, यो संसदले पनि स्थिर सरकार दिन सकेन, संसद जनताको इच्छाअनुसार बन्यो, तर सरकार स्थिर बनेन, स्थिर सरकार बनाउने आवश्यकता महसुस गरेर यो सरकार बनेको हो, मेरो बुझाईमा यो संसदले बनाउने सबैभन्दा गतिलो सरकार यही हो', उनले भने ।

योजना आयोगका उपाध्यक्ष प्राडा. शिवराज अधिकारीले मुलुकको सार्वभौम साख मूल्यांकनले सकारात्मक बहस सिर्जना गरेको बताए । उनले अबको बहस सुधारमा केन्द्रित हुनुपर्ने बताए । लगानीका क्षेत्र पहिचान गरी त्यसतर्फ बहस बढाउनु पर्ने उनको भनाइ छ । 'अर्थतन्त्र चलायमान हुन नसक्नुका पछाडि फरक खालको बहस हुन नसक्नु पनि एक कारण देखिन्छ, उनले भने, हामी विगत ५/६ वर्षदेखि एकै खालको बहस गरिराखेका छौं, तर, आजको अवस्था फरक छ ।' उनले अहिले ब्याजदर घटेको, तरलता पर्याप्त रहेको, सरकारले निजी क्षेत्रलाई प्रवर्द्धन गर्न खोजेको लगायत कारण विगतको भन्दा फरक अवस्था रहेको बताए ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले समग्र आर्थिक अवस्थाको हिसावले नेपाल दक्षिण एसियामा दोस्रो स्थानमा रहेको क्रेडिट रेटिङबाट देखिएको भए पनि चूनौती भने कायमै रहेको बताए । सार्वभौम साख मूल्यांकनको अहिलेको स्तर थप राम्रो बनाउन प्रयास गर्न जरूरी रहेको उनको भनाइ छ । मुलुकको आर्थिक र वित्तीय अवस्था विगतको भन्दा फरक नभएको कारण मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा समेत कुनै प्रावधान संशोधन नभएको उनले बताए । त्यस्तै अर्थतन्त्र सुधारका लागि मौद्रिक नीति मात्र जिम्मेवार नभई अन्य क्षेत्रको पनि भूमिका महत्वपूर्ण रहने उनले बताए । 'अहिलेको स्थिति चिर्नका लागि राज्यका सबै निकायको उत्तिकै भूमिका हुन्छ, मौद्रिक नीति माथिको निर्भरता घट्नु पर्छ, यदि मौद्रिक नीतिले सही काम गरेको छ भने यसलाई चलाउनु हुँदैन ।'

अर्थविद् डा. अच्युत वाग्लेले राजस्वका नयाँ स्रोत फेला नपरेका सन्दर्भ निकाल्दै यसले राज्यलाई कमजोर बनाइरहेको बताए । राजस्व उठ्ने ट्रेण्ड जीडीपीको २४/२५ प्रतिशतबाट घटेर १२/१३ प्रतिशतमा झरेको भन्दै हामी राजस्व नउठ्ने अवस्थामा किन पुग्यौं भन्दै प्रश्न गरे । राजस्व नउठ्दा सार्वजनिक ऋण थप्नु परेको भन्दै यसले थप संकट ल्याउनतर्फ समेत सचेत गराए । अबको केही वर्षमै जीडीपीको ६० देखि ६५ प्रतिशतसम्म सार्वजनिक ऋण पुग्ने भन्दै यो थेग्न सक्ने अवस्था हो वा होइन भनेर विश्लेषण गर्नुपर्ने बताए ।

यी सबै समस्या आउनुको पछाडि आर्थिक व्यवस्थापकीय प्रवन्धको अभाव रहेको उनले बताए । उनले सरकारले हात खुट्टा उठाउनु पर्ने अवस्था आउनु दुःखद भएको भन्दै बलियो रुपमा प्रस्तुत हुन सुझाव दिए । अब केही गर्न सकिँदैन भन्ने मानसिकता त्याग्न उनले आग्रह गरे । अर्थविद् वाग्लेले निर्देशनको भूमरीमा मात्र मुलुक फसेको भन्दै निर्देशन मात्र दिनु भन्दा राज्य सञ्चालकले रणनीति ल्याएर एक्सनमा जानुपर्ने बताए । उनले गैरआर्थिक व्यवस्थापनमा ध्यान दिन नसकेको भन्दै सरकारको आलोचना गरे । कुनैपनि मन्त्रालयमा ६ देखि ७ महिना सचिव नटिक्ने अवस्था किन आउँछ भन्दै प्रश्न गरे । राज्यले संघीय प्रणाली नै स्वीकार गर्न नसकेको भन्दै यसमा सुधार गर्न समेत आग्रह गरे । 'हामी संघीयतामा छौं भनेर किन स्वीकार नगरेको ?', उनले प्रश्न गरे । उनले भने, संघीय प्रणाली अनुसारको आर्थिक प्रणालीलाई परिचालन गर्नुपर्छ भनेर सोच्दै सोचेनौं ।

## चम्पादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

### पुन: बोलपत्र (Re-Tender) आह्वान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/१६

यस कार्यालयको आ.व. २०८१/०८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्य विद्युतिय बोलपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने भएको हुँदा सो कार्यको लागि विद्युतिय बोलपत्र पेश गर्न योग्य, इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीबाट निम्न लिखित शर्तको अधिनमा रहि रीतपूर्वक विद्युतिय बोलपत्र आह्वान गरिएको छ । बोलपत्र फारम तथा अन्य जानकारीका लागि www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेभसाइट www.champadevimun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान - (भ्याट तथा कन्टेनजेन्सी बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | CDRM/OKH/WORKS/NCB/02/2081/082 | Palapu Khanepani | १,५३,७४,४७८.८३ | रू.४,००,००० |

**शर्तहरू**

१. बोलपत्र फारम दस्तुर यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. Ga-1-1 (1125701782616052) मा रु ३,०००।०० (तीन हजार मात्र) जम्मा गरी सो को भौचर Scan कपी विद्युतिय बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।
२. बोलपत्र फारम साथ धरौटी बापतको रकम यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको धरौटी खाता नं. Ga-3-1(1125701782616044) मा जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत पेश गर्नुपर्ने छ । बोलपत्र मान्य हुने अवधी बोलपत्र खोल्ने तय भएको मितिबाट कम्तिमा ९० (नब्बे) दिनको हुनु पर्नेछ र बोलपत्र जमानतको मान्य अवधी बोलपत्र मान्यहुने अवधि भन्दा कम्तिमा ३० (तीस) दिन बढि (बोलपत्र खोल्ने तय भएको मितिबाट कम्तीमा १२० दिन) हुनु पर्नेछ ।
३. बोलपत्र फारम, सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिन (२०८१/०९/०१) को १२:०० बजेसम्म अनिवार्य अनलाईन प्रणालीमा पेश गरी सक्नु पर्नेछ । सोही दिन (२०८१/०९/०१) को १४:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिनेछ ।
५. बोलपत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा उक्त बोलपत्र रद्द गरी निजले राखेको धारौटी जफत गरी नजिकको दोस्रो बोलपत्र स्वीकृत गरी सम्झौता गरिनेछ ।
६. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
७. यस सूचनमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ । साथै बोलपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यलय समयभित्र सम्पर्क राखी वा फोन नं ९८६५३३००२४ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**